# अध्याय - १

# परिचय

**१.१ अध्ययनको पृष्ठभूमी :**

नेपालमा जस्तो विकाशोन्मुख देशमा बैदेशिक रोजगारका कारण त्यसबाट भित्रीएको विप्रेषणले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । अर्थोपार्जनका विभिन्न स्रोतहरु जस्तै : कृषि, व्यापार जागीर आदि भएता पनि वैदेशिक रोजगार आय (Income) को एउटा महत्वपूर्ण आधार भएको देखिन्छ । स्वदेशमा रोजगारीको अवसर नहुनाले, दक्षताको अभाव हुदा वा बढि आय आर्जन गर्ने विभिन्न बहानामा मानिसहरु आफूले वसोवास गरेको देश छोडेर अन्य देश जाने गरेको पाइन्छ । कुल जनसंख्याको करिव १०.३४% युवा युवतीहरु वैदेशिक रोजगारमा रहेपनि कयौं युवाहरुले रोजगारको अवसर नपाएको अवस्था यथावत नै छ । दैनिक करिव १७५० भन्दा बढि युवा युवतीहरु बैदेशिक रोजगारमा रहेको देखिन्छ ।। ( के.त.वि २०६८ )

वैदेशिक रोजगारले नेपाली समाजमा सकारात्मक र नकारात्मक दूवै असरहरु पारेको देखिन्छ । आर्थिक जीवनस्तर सुधार, रोजगारीको अवसर, आधारभूत आवश्यकता परिपूर्ति, आधुनिक प्रविधिको आगमन जस्ता सकारात्मक पक्षहरु रहेता पनि पारिवारिक वेमेली, कलह, अत्याधिक विलाशिता, नाजायज सम्बन्ध, विभिन्न रोगहरुको आगमन अभिभावकत्वको अभाव आदि जस्ता विभिन्न सामाजिक साँस्कृतिक समस्याका साथै विकाशमा पनि दक्ष जनशक्तिको अभावबाट समाजमा नकरात्मक प्रभाव परिरहेको देखिन्छ ।

कुनै श्रमिक वा कामदारले विदेशमा गएर प्राप्त गर्ने रोजगारर्लाइ वैदेशिक रोजगारी भनी बुझिन्छ । वैदेशिक रोजगारमा गएका व्यक्ति वा कामदारले कमाएर आफ्नो देशमा पठाएको रकमलाई विप्रेषण भनिन्छ । ऐतिहासिक कालदेखि चालिआएको भए तापनि केही दशक यता संसार भरी नै वैदेशिक रोजगारमा जाने प्रचलन निकै बढेको सन्दर्भमा नेपालमा वैदेशिक रोजगारी अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । वैदेशिक रोजगारको विगतको अवस्थार्लाइ हेर्दा प्रथम विश्वयुद्धमा नेपाली सेनाले रोजगारीकै शिलशिलामा गरेको अंग्रेजको समर्थनलाई लिन सकिन्छ । त्यस भन्दा अघि पनि औपचारिक रुपमा वा अनौपचारिक रुपमा वैदेशिक रोजगारमा जाने प्रचलन रहेको पाइन्छ ।

वैदेशिक रोजगार सम्बन्धी केही तथ्याङ्क एवम् जानकारीहरु :-

- नेपालले वैदेशिक रोजगारका लागि संस्थागत रुपमा ११० मुलुकहरु खुला गरेको छ भने व्यक्तिगत रुपमा १७८ भन्दा बढी देशहरु खुला गरिएको छ ।(नेपाल सरकार अर्थ मन्त्रालय, २०७७/७८ आर्थिक सर्वेक्षण, सिंहदरबार, काठमाडौं, मुद्रण विभाग)

- हाल औपचारिक एवम् अनौपचारिक माध्यमबाट गरी ४५ लाखभन्दा बढी नेपाली कामदार वैदेशिक रोजगारीको शिलशिलामा विभिन्न मुलुकहरुमा गएका छन् । ( के.त.वि. २०६८ )

- २०७७ फाल्गुनसम्म श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारको संख्या ६६ हजार ९ सय ७३ रहेको छ । जसमध्ये पुरुषको संख्या ४२,४८,५४७ रहेको छ भने महिलाको संख्या २,१८,४२६ रहेको छ । ( के.त.वि. २०६८ )

- आर्थिक वर्ष २०६५/०६६ मा रु. २०९ अर्व विप्रेषण आप्रवाह रहेकोमा सोमा उल्लेखिय वृद्धि भई आ.व. २०७५/७६ सम्म आइपुग्दा . ८७९ अर्व पुग्न गएको छ । विगतका वर्षहरुमा विप्रेषणको आप्रवाह उल्लेखिय वृद्धि भएको भए पनि हालका वर्षहरुमा सो वृद्धिमा कमी आएको छ । आ.व. २०७०/०७१ मा सर्वाधिक २५% ले वृद्धि भएको विप्रेषण त्यसपछिका वर्षहरुमा क्रमशः आ.व. २०७१/०७२ मा १३.६%, २०७२/०७३ मा ७.७%, आ.व. २०७३/०७४ मा ४.७%, आ.व. २०७४/०७५ सम्मा ८.६% ले न्यून वृद्धि भएकोमा आ.व. २०७५% मा भने सो मा सुधार भई १६.५% ले बढ्न गएको देखिन्छ । ( के.त.वि. २०६८ )

- आ.व. २०७६/०७७ को फाल्गुन सम्म कोरोना भाइरसको कारण विश्वव्यापी प्रभावले गर्दा विप्रेषणको आप्रवाह १.८% ले मात्र वृद्धि भई ५,९२,४२0000000 पुगेको देखिन्छ । ( के.त.वि. २०६८ )

नेपालमा वैदेशिक रोजगारबाट सकारात्मक र नकारात्मक दुवै प्रभावहरु परेको देखिन्छ । तथापि मानिसहरु वैदेशिक रोजगारमा लाग्ने क्रम भने दिनानु दिन बढेको देखिन्छ ।

सकारात्मक प्रभावहरु :

- ठूलो परिमाणमा विप्रेषण आप्रवाह
- श्रम व्यवस्थापन एवं बेरोजगारी समस्या समाधानमा योगदान
- उन्नत प्रविधि, उद्यमाशिलता एवं सिप र दक्षता भित्रिएको
- आर्थिक, सामाजिक, साँस्कृतिक संरचनामा परिवर्तन
- आयको फैलावट र आर्थिक असमानता घटाउन सहयोग
- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार
- अर्थतन्त्रलाई गतिशिल बनाएको

नकारात्मक प्रभावहरु :

- स्वदेशमा जनशक्ति अभाव

– विप्रेषण आम्दानीको अनुत्पादक क्षेत्रमा प्रयोग

– बढ्दो पारिवारिक विखण्डन तथा सामाजिक अपराध

– विदेशी गलत संस्कृति भित्रिएको छ

– बालबालिका तथा चेलीवेटी वेचविखन र ओसारपोसार

– ठगी छलीका घटना बढोत्तरी

विदेशिनुका अनेक कारण होलान तर वैदेशिक रोजगारीमा जानेको संख्या बढ्नुमा हाम्रो सामाजिक संरचनाले कतिको भूमिका खेल्ने गर्छ ? भन्ने बुझ्नु जरुरी हुन्छ । सामाजिक दृष्टिकोणबाट वैदेशिक रोजगारीबारे अध्ययन नगरुन्जेल मूलभूत समूया नजिक पुग्न सक्दैन । त्यसैले समाजशास्त्रीय दृष्टिकोणबाट पनि वैदेशिक रोजगारीबो बहस र छलफल हुन जरुरी छ । भड्किलो जीवनशैली महङ्गो शिक्षा, महङ्गा मोबाइल बाक्ने संस्कृति जस्ता कारणले वैदेशिक रोजगारीमा युवाको आकर्षण बढेको छ । आफन्त, परिवार, छिमेकीले पार्ने मानसिक दबाबका कारण पनि युवाहरु वैदेशिक रोजगारीमा जान बाध्य छन् ।

पछिल्लो दिनमा नेपाली समाजले विदेश जानुलाई सामाजिक तथा आर्थिक हैसियतसँग जोडेर हेर्ने थालेको छ । त्यसैका आधारमा समाजले हाम्रो स्तर निर्धारण गर्ने गलत प्रवृत्ति बढेको छ । नेपालमै केही गरौं भन्ने विचार राख्ने नेपालीलाई हेयको दृष्टिकोणबाट हेर्ने, हतोत्साहित बनाउने वातावरण सृजना भएको छ । यस्तो वातावरणले समाजलाई यसरी गाँजेको छ कि विदेश नजाने यसवा असक्षम जस्तो हुन नपुगेका छन् ।

**.१.१.१ विप्रेषण र त्यसको प्रयोगका क्षेत्र :**

विभिन्न देशहरुमा काम गरेर आफ्नो देशमा पठाइने रकमलाई विप्रेषणको रुपमा बुझ्न सकिन्छ । विप्रेषण औपचारिक र अनौपचारिक दूवै माध्यममा नेपाल भित्रीएको पाइन्छ । तथापी यस अध्ययनमा औपचारिक रुपमा नेपालमा आएको विप्रेषणको प्रयोगलाई अत्याधिक महत्व दिइएको छ । नेपालको अर्थतन्त्रमा एउटा दह्रो आधारका रुपमा रहेको विप्रेपषण २०१९ को तथ्याङ्क अनुसार USDः 7.8 billion नेपाल भित्रिएको पाइन्छ । यसरी वर्षेनि विप्रेषण नेपाल भित्रने गरेकाले सर्वप्रथम त्यसको प्रयोगलाई कुन - कुन क्षेत्रमा भइरहेको छ भनि बुझ्न आवश्यक देखिन्छ ।

*नेपाल मानव सर्वेक्षण, ( 2011) को तथ्याङ्क अनुसार विप्रेषणको प्रयोग विभिन्न उद्देश्यहरु पुरा गर्नका लागि भइरहेको छ । विशेष गरी विप्रेषणको दैनिक प्रयोगलाई हेर्दा उपभोग गर्न, ऋण तिर्न अनि बाँकि रहेको रकम मात्र लगानी वा उत्पादन मुलक क्षेत्रमा लगाईएको देखिन्छ ।*

वर्तमान अवस्थालाई हेर्दा अत्याधिक मात्रामा विप्रेषणको प्रयोग हुने भनेको उपभोग वा जीविकोपार्जन अन्र्तगत नै रहेको छ । जसभित्र खानपान वा खाद्यान्नमा गरिएको प्रयोग, लत्ताकपडामा गरिएको प्रयोग लगायत शिक्षा, स्वास्थ्य आदि जस्ता क्षेत्रमा पनि यसको प्रयोग भएको विभिन्न लेख, रचना तथा तथ्याङ्कहरुले देखाएको छ । त्यसका साथै विप्रेषण अचल सम्पत्ति खरिद गर्नमा प्रयोग गर्ने, पैतृक ऋण तिर्ने र गरिबीबाट मुक्त हुने अथवा वैङ्क वा सहकारीमा वचतको रुपमा राख्ने गरिएको पनि पाइन्छ । त्यसैले विप्रेषणको प्रयोगलाई विभिन्न क्षेत्रहरु मार्फत व्याख्या गर्ने गरिएको छ ।

विप्रेषणलाई सामान्य रुपबाट हेर्दा  निम्न लिखित क्षेत्रहरुमा यसको प्रयोग भएको देख्न सकिन्छ :

१.)कृषि क्षेत्रमा गरिएको प्रयोग

२.) व्यापार क्षेत्रमा विप्रेषणको प्रयोग

३.) उपभोग / जीविकोपार्जनमा विप्रेषणको प्रयोग

४) पैतृक ऋणतिर्न विप्रेषणको प्रयोग

६) वचत र लगानीमा विप्रेषणको प्रयोग आदि ।

वर्तमान नेपाली समाजमा विप्रेषणको प्रयोग माथिका विभिन्न क्षेत्रहरुमा भएको देखिन्छ । त्यसका साथै यसको प्रयोगको अर्को एउटा महत्वपुर्ण क्षेत्रको रुपमा उपभोग वा जीविकोपार्जन अन्र्तगत रहेको इज्जत्तको अनुरक्षण वा व्यवस्थापनलाई पनि लिन सकिन्छ ।

### **१.१.२ उपभोगमा आधारित प्रतिष्ठा :**

नेपाली समाजमा इज्जत्त वा प्रतिष्ठाको वास्तविक अर्थ कीटान गरेर भन्न कठिन रहेको छ । ठाउँ, परिवेश, समय र समाज अनुसार यसको परिभाषा फरक-फरक किसीमको रहेको पाइन्छ । प्रतिष्ठा भन्नाले अन्य व्यक्तिहरु वा समुदायसामु आफ्नो हैसियत वा ओहोदाको अवस्थालाई बुझ्न सकिन्छ । उनीहरुले आफुलाई वा आफ्नो परिवारलाई कति सम्मान वा आदर गर्छन् भन्ने कुराबाट इज्जत्त वा प्रतिष्ठाको अर्थलाई केहि हदसम्म आँकलन गर्न सकिन्छ । जुन हैसियत, आफ्नो सामाजिक स्रोत र साधन माथिको पँहुच, राजनैतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक - धार्मिक क्षेत्रहरुमा रहेको आफ्नो स्थान लगायत आधुनिक समाजलाई प्रतिनिधित्व गर्ने कृत्रिम वस्तुहरु जस्तै : मोवाइल, बाइक, टेलिभिजन, सुन चाँदी गर-गहना आदिको उपभोग र प्रयोगमा निर्भर रहेको हुन्छ ।

त्यस्तै इज्जत्त वा प्रतिष्ठालाई व्याख्या गर्ने क्रममा उपभोग अन्र्तगत रहेको आधारभूत आवश्यकता र द्वितीय आवश्यकतालाई बुझ्नु आवश्यक देखिन्छ । आधारभूत आवश्यकताहरु जस्तै : गाँस, वास, कपास, खानेपानी, स्वास्थ्य, शिक्षा, सरसफाई आदि बाहेकका अन्य क्षेत्रमा गरिएको उपभोग वा द्वितीय आवश्यकताहरु जस्तै : ठूला-ठूला घरहरु

निर्माण, अत्याधिक मूल्य पर्ने सवारी साधन, वहुमूल्य गर-गहना खरिद, आधुनिक प्रविधिका मेसिन हरुको खरिद आदि जस्ता कुराहरुको प्रयोग पनि उपभोग कै एउटा क्षेत्र रहेको छ । तसर्थ विभिन्न क्षेत्रबाट प्राप्त गरिएको रकम उपभोगका द्वितीय आवश्यकताहरु परिपूर्ति गर्नमा पनि प्रयोग भएको देखिन्छ । यसरी प्राथमिक आवश्यकताहरुलाई पुरा गर्ने क्रमसँगै व्यक्तिको आयस्तरमा वृद्धि हुँदै जादाँ द्वितीय आवश्यकताहरुको प्रयोगमा पनि परिवर्तन आउन थाल्दछ । जस मार्फत उक्त परिवारको इज्जत्त वा प्रतिष्ठा बढ्न थाल्दछ । यसरी उपभोगमा पनि विलाशिताका बस्तुहरु खरिद गर्ने र प्रयोग गर्ने क्षमताका आधारमा उक्त घर परिवारको इज्जत्त वा प्रतिष्ठा निर्माण भएको हुन्छ । त्यसैले आयका अन्य क्षेत्रहरुलाई तटस्थ राख्दै वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण चाँहि द्वितिय आवश्यकताहरु परिपूर्ति गर्न र विलाशिताका वस्तुहरुको उपभोग गरेर प्रतिष्ठा कायम राख्नमा कसरी प्रयोग भईरहेको छ भनि बुभ्नु आवश्यक देखिन्छ ।

आधुनिक समाजमा आर्थिक आयले मात्र प्रतिष्ठा वा इज्जत्त व्यवस्थापन गर्न कठिन देखिन्छ । तसर्थ आर्थिक पूँजी लगायत सामाजिक पूँजी, मानविय पूँजी, राजनैतिक पूँजी आदिले पनि समाजमा आफ्नो स्थान निर्धारण गर्ने भएकाले, अन्य पूँजीको निर्माण गर्न अत्याधिक मात्रामा आर्थिक पूँजीको प्रयोग गरिएको पाइन्छ । जसको परिणाम स्वरुप वैदेशिक रोजगारबाट ल्याइएको विप्रेषणको प्रयोग पनि उत्पादन मूलक क्षेत्रमा भन्दा बढि मात्रामा उपभोग र प्रतिष्ठा कायम गर्नमा प्रयोग गरिएको देखिन्छ ।

वर्तमान नेपाली समाजमा प्रतिष्ठा प्राप्त गर्ने क्षेत्रहरु निश्चित गर्न कठिन रहेको छ । जस्तै : कुनै समाजमा राम्रो शिक्षा हासिल गरेर सरकारी जागीर खाने कुरामा उसको प्रतिष्ठा जोडिएको हुन्छ भने कुनै समाजमा राजनैतिक पहुच भएको वा नभएको आधारमा उसको प्रतिष्ठा जोडिएको हुन्छ । त्यस्तै प्रतिष्ठा कमाउन कुनै समाजमा आर्थिक रुपमा उच्च स्थानमा रहेको हुनु पर्छ भने , कुनै समाजमा दान-धर्म गर्ने, गरिब दु : खीको सेवा गर्ने प्रकृतिको व्यक्ति भएको हुनुपर्छ । वर्तमान नेपाली समाजमा प्रतिष्ठा प्राप्त गर्ने यस्ता विभिन्न क्षेत्रहरु रहेको र त्यसलाई कायम राख्न गरिएको प्रयास नै यस अध्ययनको एउटा केन्द्रिय भाग रहेको छ । जस अर्न्तगत अर्थतन्त्रको प्रयोगबाट प्रतिष्ठा कसरी कायम रहन्छ भनि हेर्न वैदेशिक रोजगारबाट आएको विप्रेषणको प्रयोगको क्षेत्रलाई आधार बनाइएको छ ।

तसर्थ उक्त प्रतिष्ठालाई समाजमा कायम राख्न कुनै पनि व्यक्ति वा परिवारले विप्रेषणको प्रयोग कसरी गरिरहेका छन् , भनि बुभ्न यो अनुसन्धान गरिएको छ ।

### १.२ समस्याको कथन :

हाल नेपालमा अत्याधिक रुपमा भित्रीरहेको विप्रेषण उत्पादनमूलक क्षेत्रमा भन्दा बढि मात्रामा दैनिक जीवनयापनको लागि उपभोग गर्न, ऋण तिर्नमा प्रयोग भइरहेको देखिन्छ । बैदेशिक रोजगारको बढ्दो क्रमले अत्याधिक मात्रामा विप्रेषण भित्र्याए पनि उक्त विप्रेषण उत्पादन मुलक क्षेत्रमा लगानी गर्ने नभएर इज्जत्त वा प्रतिष्ठा कायम राख्न र अझ त्यसलाई बृद्धि गर्न तर्फ अग्रसर रहेको देखिन्छ ।

विप्रेषणको रुपमा भित्रिएको रकमको प्रयोगको क्षेत्र वृहत हुनु , उक्त रकम उचित ढङ्गबाट सदुपयोग गर्न नसक्नु, विलाशिताका स्रोत र साधन अपनाउनु, तथा सामाजिक सांस्कृतिक मूल्य मान्यताहरुलाई उल्लङघन गरेर सामाजिक समस्याहरु उत्पन्न गराउनु जस्ता प्रभावहरु वर्तमान नेपाली समाजमा विद्यमान रुपमा देखिएका छन् । त्यसका साथै देशको स्रोत र साधनको उपयोग गरेर आर्थिक, सामाजिक विकाश गर्ने जनशक्ति बैदेशिक रोजगारमा रहनु, विप्रेषणको प्रयोग उत्पादनमूखी नभएर, उपभोगमूखी रहनु जस्ता कारणहरुले सामाजिक, आर्थिक विकाशमा केहि हदसम्म नकारात्मक प्रभाव पारेको देखिन्छ ।

विप्रेषण अत्याधिक रुपमा भित्रिए पनि त्यसको प्रयोगको क्षेत्र वृहत्त रहेको छ । कृषी, व्यापार, ऋण आदि क्षेत्रमा प्रयोग गर्नका साथै अत्याधिक विप्रेषणको प्रयोग भने उपभोगमा नै केन्द्रित रहेको छ । उपभोग अर्न्तगत पनि दुई क्षेत्रमा विप्रेषणको प्रयोगलाई लिन सकिन्छ । जसमा आधारभूत आवश्यकता भित्र रहने गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा आदि जस्ता कुराहरुमा गरिएको विप्रेषणको प्रयोग एक क्षेत्र रहेको छ भने द्वितिय आवश्यकताको अर्को क्षेत्रको रुपमा इज्जत्त वा प्रतिष्ठालाई कायम राख्न अपनाईने विलाशिताका स्रोत र साधनहरु माथिको प्रयोग र अन्य सामाजिक पूँजीको निर्माण गर्नमा गरिएको विप्रेषको प्रयोगलाई लिन सकिन्छ । यसर्थ यस अनुसन्धानले व्यक्ति वा परिवारले आफ्नो इज्जत्त वा प्रतिष्ठा कायम राख्न विप्रेषणको प्रयोग कसरी गरिरहेका छन् भनि खोज्ने कार्य गरेको छ । जसबाट विप्रेषणको प्रयोगको थप क्षेत्र अगाडि आउनका साथै कसरी वर्तमान आधुनिक समाजमा उपभोगमूखी संस्कृतिको प्रभावले अर्थतन्त्र के मा र कसरी प्रयोग भईरहेको छ भनि बुझ्न मद्धत गर्दछ ।

वर्तमान नेपाली समाजमा विप्रेषणको रुपमा भित्रिएको अर्थतन्त्रको प्रयोगलाई बुझ्न र उक्त प्रयोगले कसरी प्रतिष्ठा कायम राख्नमा भूमीका खेलेको छ भनि हेर्न निम्न लिखित प्रश्नहरुको उत्तर खोज्नु आवश्यक देखिन्छ ।

- विप्रेषणको प्रयोगद्वारा कसरी प्रतिष्ठा कायम भईरहेको छ ?
- प्रतिष्ठा कायम गर्ने क्रममा दैनिक जीवनयापनमा कस्तो प्रभाव परिरहेको छ ?

यस अध्ययनले मुख्य रुपमा यी प्रश्नहरुको उत्तर खोज्ने कार्य गरेको छ ।

**१.३ अध्ययनको उद्धेश्य :**

विप्रेषण र यसको प्रतिष्ठा व्यवस्थापनमा भएको प्रयोगका विषयमा अध्ययन गरी समाजमा विद्यमान रुपमा आधुनिकीकरणको नाममा हावी रहेको प्रतिष्ठा व्यवस्थापनले अर्थतन्त्र कसरी उपभोगमूखी भइरहेको छ ? भनि, प्रष्टयाउने उद्देश्यका साथ यो अनुसन्धान अगाडी बढाइएको थियो ।

**१.३.१ सामान्य उद्धेश्य :**

- विप्रेषण र सामाजिक प्रतिष्ठा विचको सम्बन्ध बारे बुझ्नु

### १.३.२ विशिष्टकृत उद्देश्य :

- प्रतिष्ठा कायम गर्न भइरहेको विप्रेषणको प्रयोग बारे खोजी गर्नु
- उक्त क्षेत्रमा गरिएको विप्रेषणको प्रयोगले उनीहरुको दैनिक जीवनयापनमा पुर्‍याएको प्रभाव पत्ता लगाउने आदि ।

माथिका विभिन्न उद्देश्यहरुका साथ उक्त प्रस्तावनालाई अगाडी सारिएको थियो ।

## १.४ अध्ययनको औचित्य :

**सैद्धान्तिक औचित्यता :-**

विप्रेषणको प्रयोगको अवस्थालाई हेर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हेर्न सकिन्छ । Chincary Tumbe भन्ने व्यक्तिले आफ्नो लेख "Remittances In India: Fatcs and Issues" मा विप्रेषणको प्रयोगका क्षेत्रहरुको चर्चा गरेका छन् । जसमा उनले पृष्ठ नं. २१ मा विप्रेषणको प्रयोग ऋण तिर्न, घरको अवस्था सुदृढ गर्न, मर्मत सम्भार गर्न, जमिन खरिद गर्न, विवाह तथा अन्य रीतिरिवाजमा खर्च, शिक्षाको खर्च लगायत बचत र लगानीको क्षेत्रमा प्रयोग हुने बताएका छन् । उनले आफ्नो लेखमा उपभोगलाइ सामान्य रुपमा लिएको पाइन्छ । तर उपभोग भित्र पनि आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रममा विलाशितापूर्ण जीवनयापन गर्ने शैलीलाई र त्यसमा जोडिएको सामाजिक प्रतिष्ठालाई खासै महत्व नदिएको देखिन्छ । तसर्थ यो अनुसन्धान आवश्यक देखिन्छ । ( Tumbe, 2011 )

त्यस्तै पन्त (२०१४) ले आफ्नो पुस्तक "Uses and Impacts of Remittances in Nepal" को उपशीर्षक "Migrant Remittances in South Asia" अन्तर्गत विप्रेषणको प्रयोगको व्याख्या गरेका छन् । उनले आफ्नो लेखको पृष्ठ ४ : २७८ मा विप्रेषणको प्रयोगको क्षेत्रहरुलाई खाना र घर निर्माण/मर्मत सम्भार, स्वास्थ्यमा ध्यान दिन, पौष्टिक खानाहरुको खरिद, उपचार र शारीरिक लगानी आदिमा बढी प्रयोग हुने कुराको व्याख्या गरेका छन् । तर उनले पनि आवश्यकता र उपभोगलाई व्याख्या गर्दै गर्दा त्यसले कसरी सामाजिक प्रतिष्ठा कायम गर्छ वा व्यक्तिले किन आवश्यकता भन्दा बढी उपभोग गर्न रुचाउँछन् भन्ने कुरार्लाइ स्पष्ट रुपले व्याख्या गरेका छैनन् । तसर्थ यस अनुसन्धान आवश्यक भएको महसुस गरिएको छ । ( पन्त , २०१४)

**अनुभव जन्य औचित्यता :-**

वर्तमान नेपाली समाजमा विप्रेषणको प्रयोग उपभोग केन्द्रित छ । झापा मे.न.पा. मा एक व्यक्ति वैदेशिक रोजगार बाट ल्याएको रकम (विप्रेषण)अत्याधिक मूल्य पर्ने (करिब १/१.५ लाख) मोबाइल खरिद गर्नेमा गरेको पाइयो । केही समय पश्चात् पुनः वैदेशिक रोजगारमा जाने बेलामा सोही मोबाइल ५० हजार भन्दा कम रुपैंयामा बिक्री गरेको

देखियो । यसबाट विप्रेषणको प्रयोगको क्षेत्र र सो क्षेत्रमा प्रयोग गर्नुको उद्देश्य स्पष्ट बुझ्नको लागि पनि यो अनुसन्धानलाई अगाडि बढाइएको छ ।

यो अध्ययन गर्नुको मुख्य कारण भनेको आधुनिकीकरणको प्रभावले निम्त्याएको वर्तमान समाजमा व्याप्त प्रतिष्ठा व्यवस्थापन र सो गर्ने क्रममा देश विकाशको महत्वपूर्ण आधारको रुपमा रहेको विप्रेषणको प्रयोग उत्पादनमूलक क्षेत्रमा नभएर उपभोगमा आधारित रहनु हो । तसर्थ यस अध्ययनले विप्रेषणको प्रयोग भएका विभिन्न क्षेत्रहरुलाई नियाल्दै प्रतिष्ठा कायम राख्ने क्षेत्रमा विप्रेषणको प्रयोग भएको वा नभएको भनि बुझ्नका साथै उक्त क्षेत्रहरुमा गरिएको प्रयोगले समाजको विकाश कुन दिशामा अगाडि बढ्छ भनि विश्लेषण गर्न मद्धत गर्दछ । त्यसका साथै वर्तमान नेपाली समाजको चरित्र र त्यसमा आधारित इज्जत्त वा प्रतिष्ठा कायम राख्न गरिने उपभोगका विभिन्न सूचकहरु कस्ता - कस्ता हुने रहेछन् भनि जान्न सकिन्छ । यी विभिन्न कारणहरुले गर्दा यो अध्ययन गर्न आवश्यक देखिएको थियो ।

**१.५ अध्ययनको संगठन :**

वैदेशिक रोजगार अन्तर्गत रहेको विप्रेषण र सामाजिक प्रतिष्ठाको सम्बन्ध खोजी गर्ने क्रममा उक्त अध्ययनलाई ५ वटा छुट्टाछुट्टै अध्यायमा विभाजन गरिएको छ ।

पहिलो अध्यायमा परिचय अन्तर्गत रहेर अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको संगठन बारे व्याख्या गरिएको छ ।

दोस्रो अध्यायमा साहित्यीक पुनर्समिक्षा अन्तर्गत, सम्बन्धित अध्ययनको शिर्षकहरुको व्याख्या र त्यससँग सम्बन्धित विभिन्न लेख/रचनाहरुको अध्ययनलाई समावेश गरिएको छ । त्यस्तै अवधारणाको रुपरेखा, अनुसन्धानको अन्तरलाई पनि दोस्रो अध्यायमा नै राखेर व्याख्या गरिएको छ ।

तेस्रो अध्याय अन्तर्गत अध्ययनको विधिहरुको चर्चा गरिएको छ । क्षेत्र चयनको औचित्यता, अध्ययनको ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति नमुना छनौट विधि, तथ्याङ्क संकलन विधि, तथ्याङ्क संकलन र विश्लेषणको प्रक्रिया तथा कार्यक्षेत्रको समयावधि बारे उक्त अध्यायमा व्याख्या गरिएको छ ।

अध्याय चारमा शीर्षक अन्तर्गतको तथ्याङ्क संकलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । जसमा विभिन्न तालिकाहरुको प्रयोग गरिएको छ । क्षेत्रगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गर्ने कार्यबाट शिर्षकको उद्देश्यर्लाइ पूरा गर्ने प्रयास गरिएको छ ।

अध्याय ५ मा सारांश र निष्कर्ष शिर्षक अन्तर्गत व्याख्या र विश्लेषणको सम्पूर्ण सारांश तथा अनुसन्धानको तथ्याङ्क विश्लेषणबाट प्राप्त निष्कर्षलाई राखिएको छ । जसबाट समग्र अनुसन्धानको प्रतिफल कस्तो छ भनी व्याख्या गरिएको छ ।

# अध्याय - २

# साहित्यीक पूनर्समीक्षा

**२. सैद्धान्तिक पुनर्समीक्षा :**

नेपाली युवाले विदेशमा रगत पसिना बगाएर भित्राएको विप्रेषण उत्पादनमूलक क्षेत्रमा लगानी नभएको अवस्था देखिन्छ । वर्षेनी ७ सय अर्बको हाराहारीमा भित्रिने विप्रेषणलाई किन उद्यमशीलतामा प्रयोग भइरहेको छैन भनी बुझ्दा नरबहादुर थापा, नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक (२०७६) को भनाई यस्तो छ :-

"रेमिट्यान्सबाट प्राप्त रकमको पहिलो छनोट उपभोग खर्च नै हो । खासगरी यस्तो रकम दैनिक उपभोगमा खर्च भइरहेको छ । शिक्षा, स्वास्थ्यमा खर्च भइरहेको छ । बाँकी पैसा बैङ्कमा बचत गर्ने गरेका छन् र त्यसरी बचत गर्नुको प्रमुख उद्देश्य भनेको घडेरी खरिद, घर बनाउने, र खेत ीगर्ने जग्गा किन्नका लागि हो ।" (थापा, २०७६)

माथिको भनाइलाई हेर्दा विप्रेषणको प्रयोग भनेको उत्पादनमूलक क्षेत्रमा नभई उपभोगमा भइरहेको स्पष्ट देख्न सकिन्छ । उपभोगबाट बचेको रकम पनि घरजग्गा खरिद गर्ने कार्यमा बढी मात्रामा प्रयोग भएको देखिन्छ । जसको उद्देश्य नाफा कमाउने भन्दा पनि सामाजिक हैसियत बढाउने तर्फ प्रेरित भएको छ भन्न सकिन्छ । त्यसैले यो अनुसन्धानले विप्रेषणको प्रयोगका क्षेत्रहरुलाई नियाल्दै त्यसभित्र जोडिएको सामाजिक प्रतिष्ठालाई केलाउने प्रयास गरेको छ ।

विप्रेषणको प्रयोगको अवस्थालाई हेर्दा उपभोग्य वस्तुहरुमा भन्दा बढी विलासी वस्तुहरु खरिदमा बढी प्रयोग भएको देखिन्छ । नेपाल राष्ट्र बैङ्कले विलासी वस्तुमा विप्रेषणको प्रयोग बढिरहेको छ भन्ने भनाईलाई स्पष्ट पार्दै नरबहादुर थापाले भन्नुहुन्छ :-

"मध्यम वर्ग बढ्दै जाँदा उनीहरुले कार, महङ्गा रक्सी र लुगा खोज्दछन् । विलाशिताको आयात बढ्न जान्छ ।" (थापा, २०७६)

उक्त भनाइलाई स्पष्ट पार्दा विप्रेषणको प्रयोग विलाशिताप्रर्ण जीवनयापनमा भइरहेको विचार पाउन सकिन्छ । जसको अर्थ समाजमा आफ्नो आर्थिक तथा सामाजिक स्तर माथि उठाउन गरिएको प्रयास भन्ने बुझिन्छ । जसले सामाजिक प्रतिष्ठा कायम राख्न मद्दत गरिरहेको देखिन्छ ।

नेपालको अर्थतन्त्रमा विप्रेषणको महत्वपूर्ण योगदान रहेको पाइन्छ । देशको अर्थतन्त्रलाई सुदृढ बनाउन विप्रेषणको योगदानले प्रभावकारी भूमिका निर्वाह गरेको छ । यसै सन्दर्भमा विप्रेषणको योगदान बारे सुदन कुमार पोखेल भन्नुहुन्छ :-

“विप्रेषण आयले आधारभूत आवश्यकता परिपूर्ति गरी बाँकी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न पुँजीको आवश्यकतालाई पूर्ति गर्ने गरेको छ ।” (पोखेल, २०७७)

माथिको भनाईलाई हेर्दा विप्रेषण आधारभूत आवश्यकता पूर्ति र बाँकी रहेको रकम उत्पादनमूलक क्षेत्रको लगानीमा जोडिने छ भनी बुझ्न सकिन्छ । तर यथार्थमा विप्रेषणको प्रयोग भने आधारभूत आवश्यकता पूर्ति भित्र पनि सामाजिक प्रतिष्ठासँग जोडिएको पाइन्छ । मध्यम वर्गीय परिवारले समाजले के भन्छ, कस्तो व्यवहार गर्छ भन्ने आधारमा र आफूलाई स्तरिय बनाउने होडबाजीमा आवश्यकता पूर्तिलाई आधारमा राखेर विप्रेषणको प्रयोग अनउत्पादनमूलक क्षेत्रमा गरिरहेको बुझ्न सकिन्छ ।

**श्रम बसाईसराईको नयाँ सिद्धान्त (The New Economics of labour Migration ,NELM) :-**

यस सिद्धान्तले श्रमको लागि बसाईसराईको निर्णय लिने व्यक्तिको गतिविधिलाई यथावत् राख्दै व्यक्तिको कार्य र कार्य सम्पादनर्लाइ उसको सम्पूर्ण पपरिवारसँग निर्णय गर्ने एकाईको रुपमा व्याख्या गर्दछ । यस सिद्धान्तले आर्थिक परिप्रेक्ष्यबाट बसाईसराईको विश्लेषणात्मक दृष्टिकोण र मानव व्यवहार लगायत समाजशास्त्रीय दृष्टिकोणसँग अनौठो सम्बन्ध स्थापित गरेको छ । तसर्थ श्रम बसाईसराईको नयाँ अर्थशास्त्र अन्तर्गत घरपरिवारमा भित्रने विप्रेषण अभिन्न अंगको रुपमा रहेको छ । यस सिद्धान्तले श्रम बसाईसराईको मुख्य कारण ज्याला र कामको अवसरहरुलाई भन्दा पनि सामाजिक सुरक्षा, लगानीको अवसर, ऋण, पूँजीको अभाव आदिलाई मानेको देखिन्छ ।

यस सिद्धान्तले बसाईसराई र विप्रेषणले घरपरिवारको निर्णयलाई कसरी असर गर्न सक्छ भनी व्याख्या गर्ने ढाँचा र सम्बन्ध प्रदान गर्दछ । त्यसका साथै यसको अर्को विशेषता भनेको श्रम बसाईसराई अपेक्षित आम्दानी बढाउन मात्र नभएर आम्दानी वा उत्पादनमा अचानक आएको कमीबाट उत्पन्न हुने जोखिमहरुलाई न्यूनीकरण गर्न पनि हुन्छ भन्ने रहेको छ । (अधिकारी, २०१५)

श्रम बसाईंसराइको सिद्धान्तले व्यक्तिहरु श्रमको खोजीमा बसाई सर्ने र त्यसबाट भित्रने विप्रेषणको बारेमा व्याख्या गरेको छ । यस अनुसन्धानको उद्देश्य भनेको विप्रेषणको प्रयोग समाजमा प्रतिष्ठा कायम राख्नमा कसरी प्रयोग भइरहेको छ भनी स्पष्ट पार्नु हो । त्यसको लागि श्रमको खोजीमा बसाईंसराइ हुन्छ र त्यसबाट विप्रेषण भित्रन्छ भन्ने कुरा स्पष्ट पार्नु जरुरी हुन्छ । त्यसैले यो सिद्धान्त यस अनुसन्धानसँग सम्बन्धित छ । त्यसका साथै विप्रेषणको प्रयोगले घरपरिवारको निर्णयमा कसरी असर पार्न सक्छ भनी यस सिद्धान्तले ढाँचा प्रदान गरेको छ । जसले गर्दा विप्रेषणको प्रयोग कस्ता कस्ता क्षेत्रमा गर्ने, कसरी गर्ने भन्ने कुरालाई प्राथमिकता दिन्छ । जसबाट विप्रेषणको प्रयोग प्रतिष्ठा कायम राख्नमा भएको छ वा छैन भनी बुझ्न त्यसैले यो सिद्धान्त विप्रेषण र सामाजिक प्रतिष्ठा बीचको सम्बन्ध बुझ्ने महत्वपूर्ण आधार हुन जान्छ ।

## Lee's को सिद्दान्त :-

### आकर्षण र विकर्षणको सिद्धान्त (Push and Pull Theory) :-

समाजशास्त्रका प्रोफेसर एभरेट रुपर्जन ली आफ्नो बसाईसराईको अग्रगामी सिद्धान्तका लागि परिचित छन् जसलाई आकर्षण र विकर्षण सिद्धान्त वा ली को सिद्धान्त भनिन्छ । ली ले बसाईसराई गर्ने निर्णय सँग सम्बन्धित कारकहरु र बसाईसराईको प्रक्रियालाई निम्न चार भागमा विभाजन गरेका छन् । जसलाई निम्नानुसार लिन सकिन्छ -

१) उत्पत्ति क्षेत्रसँग सम्बन्धित कारकहरु

२) गन्तव्यको क्षेत्रसँग सम्बन्धित कारकहरु

३) हस्तक्षेप गर्ने बाधाहरु

४) व्यक्तिगत कारकहरु

ली ले यी सबै क्षेत्रहरुलाई औंल्याएर व्याख्या गर्दछन् कि प्रत्येक क्षेत्रमा भएका कारक तत्वहरुले मानिसहरुलाई टाढा लैजाने वा आफूतिर आकर्षित गर्ने भन्ने कुरामा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यी दुबै क्षेत्रलाई राम्ररी तुलना गरेर मात्र व्यक्तिले बसाईसराई सर्दछ । ( ली, २०१० )

समग्रमा समाजशास्त्रमा बसाईसराईलाई मुख्यतया ३ वटा दृष्टिकोणबाट व्याख्या गर्न सकिन्छ । जसलाई निम्नानुसार लिन सकिन्छ :-

१. आशावादी दृष्टिकोण :-

सन् १९५० र १९६० को दशकको विसवादी युगमा, यो व्यापक रुपमा अनुमान गरिएको थियो कि, ठूलो मात्रामा पुँजी हस्तान्तरण र औद्योगिकीकरणको नीति मार्फत् गरिब देशहरु अगाडि आउन सक्षम हुने छन् । यस परिप्रेक्ष्यमा प्रवासीहरुलाई परिवर्तनको महत्वपूर्ण एजेन्ट आविष्कारकर्ता र लगानीकर्ताको रुपमा लिइन्छ । जसले लगानीको पुँजी विश्वभर चलायमान बनाउन मद्दत गर्दछ र समुदायहरुलाई उदार, राष्ट्रिय र प्रजातान्त्रिक विचारहरु सहित आधुनिकतामा जोड दिन्छ । यस सिद्धान्तले बर्साइसर्राइलाई सकारात्मक दृष्टिकोणबाट हेर्न प्रयास गरेको छ ।

२) निराशावादी दृष्टिकोण :-

यस सिद्धान्तले बसाईसराईको नकारात्मक प्रभावहरुलाई बढी प्राथमिकता दिएको पाइन्छ । बौद्धिक पलायन, विप्रेषणको प्रयोग उपभोगमा मात्र आधारित हुने, दक्ष जनशक्तिको देशमा अभाव आदि कुराहरुलाई प्राथमिकता दिँदै अन्तर्राष्ट्रिय बसाईसराईलाई नकारात्मक दृष्टिकोणबाट हेर्ने गरेको छ ।

३) बहुलवादी दृष्टिकोण :-

काम प्रवास र जीविकोपार्जनको नयाँ अर्थशास्त्रसँग सम्बन्धित यस दृष्टिकोण आशावादी र निराशावादी दुवै दृष्टिकोणको साझा विचार हो । यसले बसाई सराईको बौद्धिक पलायनलाई पनि समर्थन गर्दछ र दक्ष जनशक्ति आयात हुने विप्रेषण भित्रने कुरालाई पनि समर्थन गर्दछ । त्यसैले बहुलवादी सिद्धान्त आशावादी र निराशावादी दुवै दृष्टिकोणको माझमा रहेको दृष्टिकोण हो ।

त्यस्तै ली को सिद्धान्तले बसाईसराईको अवस्थामा उद्गम/उत्पत्ति स्थलका नकारात्मकता र गन्तव्य स्थलका सकारात्मकताले बसाईसराई सँगै बाध्य बनाउने कुरामा जोड दिएका छ । जसभित्र बसाईं सर्न व्यक्तिगत कारक तत्वहरु पनि जिम्मेवार रहने बताएका छन् । वैदेशिक रोजगारका लागि बसाईसराइ सर्नु श्रम खोज्न विदेशिनुलाई व्यक्तिगत कारक तत्वहको रुपमा लिन सकिन्छ । फलस्वरुप उसले विप्रेषण भित्राउन मद्दत गर्दछ । जसको प्रयोग व्यक्तिगत आवश्यकता परिपूर्तिका लागि नै गरिन्छ । फलस्वरुप त्यसले प्रतिष्ठा कायम राख्न मद्दत पुगेको देखिन्छ । त्यस्तै अर्को क्षेत्रबाट हेर्दा वैदेशिक रोजगारमा जाने ठाउँहरु पनि आकर्षक हुन आवश्यक देखिन्छ । कामको सहजता, उच्च आय आदि कुराहरुले गन्तव्य स्थान चयन गर्न मद्दत गर्दछ । जसले गर्दा आयमा सुधार भई आवश्इकता परिपूर्ति गर्न थप प्रेरित गर्दछ । समाजको प्रभाव र पुँजीवादी समाजमा आर्थिक हैसियित देखाउने क्रममा उक्त आय प्रतिष्ठा कायम गर्न बढी प्रयोग हुन्छ न की आधारभूत आवश्यकता परिपूर्ति गर्नमा र उत्पादन मूलक क्षेत्रमा लगानी गर्नमा, फलतः विप्रेषणको प्रयोग गन्तव्य स्थानमा हुन रोजगारीको अवसर आयसँग सम्बन्धित हुने देखिन्छ । तसर्थ यस अनुसन्धानमा यो सिद्धान्त एउटा महत्वपूर्ण आधार हुन जान्छ ।

## २.१ विप्रेषण र यसको प्रयोग सम्बन्धि साहित्यिक पूनर्समीक्षा :

समाजशास्त्रीद्वय राउल डिल्गाडो वाइज र हम्बर्टो मार्क्युज कोवारुबियासद्वारा सन् २००९ मा प्रकाशित लेख Understanding the Relationship Between Migration and Development मा विप्रेषण र विकाशविचको सम्बन्धका बारेमा गहन विश्लेषण समेटिएका छन् । यस लेखमा वाइज र मार्क्युजले विकाश र प्रवाषन विचको सम्बन्धको सैद्धान्तिक रुपरेखा, प्रवासन र विकाशको राजनैतिक अर्थतन्त्र, प्रवास र विकाशविचका संरचनात्मक गतिशीलताहरुका बारेमा विभिन्न दृष्टिकोणहरु प्रस्तुत गरेका छन् ।

Murphy.(2019) का अनुसार विप्रेषणको परिभाषालाई हेर्दा :

*" माथिको भनाई अनुसार विप्रेषणको परिभाषालाई हेर्दा बाह्य देशमा रहेका व्यक्तिहरुद्वारा आफ्नो घर - परिवारलाई पठाईने रकम भन्ने बुझिन्छ । त्यसका साथै इलेक्ट्रोनिक माध्यम वा बैङ्को माध्यमबाट उक्त विप्रेषण पठाउने काम गरिन्छ ।"(पृ.७)*

विप्रेषणलाई व्याख्या र विश्लेषण गर्ने क्रममा यसका प्रकारहरु बारे हेर्दा DBS Bank का अनुसार २ प्रकारका विप्रेषण रहेको पाइन्छ । पहिलो आयातित वा भित्रीएको विप्रेषण ( Inward Remittance ) रहेको छ, जस

अन्र्तगत वाह्य देशबाट आफ्नो देशमा भित्रने विप्रेषण पर्दछ भने अर्को निर्यात वा बाहिर जाने ( Outward remittance ) विप्रेषण रहेको छ । जुन बाहिर पठाइन्छ ।

त्यस्तै यसको प्रयोगका क्षेत्रहरुलाई हेर्दा विभिन्न लेखहरु यस अन्र्तगत रहेको पाइन्छ । जसअन्र्तगत वैदेशिक रोजगारबाट आएको विप्रेषणको प्रयोगलाई हेर्दा वर्तमान समयमा रहेको कृषि क्षेत्रको प्रयोग एउटा आधार देखिन्छ । जसलाई व्याख्या गर्ने क्रममा नवीन अधीकारी र चन्दन सापकोटाको विश्लेषणलाई पनि तल प्रस्तुत गरिएको छ ।

*उनीहरुको भनाई अनुसार बसाईं सराई र विप्रेषणको प्रयोग र प्रभाव कृषीको क्षेत्रमा व्याप्त रुपमा रहेको पाईन्छ । नेपाल एक कृषि प्रदान देश मानिने भएकाले पनि विप्रेषणको प्रयोग कृषिमा गरिएको देखिन्छ । कषीको क्षेत्रमा पनि विशेष गरेर धान उत्पादनमा यसको प्रयोग भएको देखिन्छ । तर पनि कृषि व्यवसायबाट राम्रो मुनाफा हुन सकेको छैन । .(तुलाधर , सापकोटा र अधिकारी, २०७१ )"*

यसैगरी अन्तराष्ट्रिय रुपमा नै विप्रेषणको प्रयोगको अवस्थालाई हेर्दा उपभोगमा मात्र नभएर विप्रेषणको प्रयोग व्यापारको क्षेत्रमा पनि भएको पाइन्छ । व्यवसाय गर्ने र मुनाफा कमाउने उदेश्यले विप्रेषणको केहि भाग व्यापारको क्षेत्रमा पनि लगानी गरेको देखिन्छ ।

विप्रेषणको प्रयोगको क्षेत्रलाई माथिका दृष्टिकोणहरु अनुसार व्याख्या र विश्लेषण गर्दा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण उपभोगमा मात्र नभएर बरु केहि हिस्सा व्यापारको क्षेत्रमा पनि प्रयोग गरिएको देखिन्छ । सन् २०११ मा प्रकाशित लेख A Review of the remittamce research in the journal of Economic Perspective, मा डेभीड याङ्गले विप्रेषणको प्रवाह ासाना-साना व्यापारको क्षेत्रहरुमा रहको कुरालाई प्रष्ट रुपमा व्यक्त गरेका छन् ।

यसरी नै विप्रेषणको प्रयोग अन्य क्षेत्रहरु जस्तै :ऋण तिर्न, बचतको क्षेत्रमा प्रयोग गर्न, उपभोग अन्र्तगत रहेको आधारभूत आवश्यकताहरु परिपूर्ति गर्नकासाथै प्रतिष्ठा कायम राख्न र व्यवस्थापन गर्न पनि प्रयोग भईरहेको देखिन्छ ।

**२.२ इज्जत्तको अर्थतन्त्र र प्रतिष्ठा अनुरक्षण सम्बन्धि साहित्यीक पूनर्समीक्षा :**

इज्जत्तको अर्थतन्त्र भन्नाले आफ्नो दैनिक जीवन सञ्चालनका क्रममा समाजका व्यक्तिहरुबाट प्राप्त हुने सम्मान हो । जुन सम्मान विभिन्न क्षेत्रहरुबाट प्राप्त गर्न सकिन्छ । वर्तमान नेपाली समाजमा प्रतिष्ठा वा इज्जत्तलाई उक्त व्यक्तिको सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रमा रहेको उसको पहुँच वा प्राकृतिक स्रोत र साधनहरुमाथिको उसको स्वामित्व आधारमा प्रष्ट्याउन खोजेको देखीन्छ ।

मार्क लिट्चीका अनुसार सुहाउँदो आधुनिकता : काठमाण्डौंमा मध्यम वर्गीय संस्कृतिको निर्माण भन्ने लेखमा काठमाण्डौंका वासिन्दाहरुको मध्यम वर्गको अध्ययन गर्दा इज्जत्तको अर्थतन्त्र पनि एउटा आधार रहेको कुरा उल्लेख गरेका छन् । इज्जत्तको अर्थतन्त्रमा नै मध्यम वर्ग निर्माण भएको हून्छ । यस्तो अर्थतन्त्रमा श्रद्धा वा प्रतिष्ठा पूजींका केन्द्रिय स्वरुपमा रहेका हुन्छन्, भन्ने उनको विचार रहेको देखिन्छ ।

माथिका यावत कुराहरुलाई ध्यानमा राख्दै विप्रेषण भनेको के हो ? विप्रेषणको प्रयोग कस्ता-कस्ता क्षेत्रहरुमा भएको छ ? भनि व्याख्या र विश्लेषण गर्दै इज्जतको अर्थतन्त्रको क्षेत्रमा प्रतिष्ठालाई विप्रेषणको प्रयोगद्वारा कसरी व्यवस्थापन गरिएको छ भनि बुझ्नु पनि अध्ययनको एक महत्वपूर्ण क्षेत्र रहेको देखिन्छ । तसर्थ प्रतिष्ठा व्यवस्थापनमा विप्रेषण कसरी प्रयोग भईरहको छ भनि हेर्न यहा विप्रेषणको प्रयोगको सिद्धान्तलाइ आधार बनाईएको छ ।

विप्रेषणको प्रयोगको सिद्धान्त अर्न्तगत रहेको Una Okonkwo Osili को Remittance and saving from international migration को लेखबाट वैदेशिक रोजगारबाट पठाएको रकम कस्तो कस्तो क्षेत्रमा प्रयोग भईरहेको छ भनि बुझ्न सकिन्छ । उनले आफ्नो लेखमा विप्रेषणको प्रयोगमा वचत र उक्त विप्रेषण प्राप्त गर्ने घर-परिवारको आर्थिक अवस्था वारे व्याख्या गरेकीछिन् । त्यस्तै उनले आफ्नो अर्को लेख Migration and Housing Investments : theory and evidence from Nigeria मा पनि वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणलाई लगानीको क्षेत्रसँग सम्बन्धित गराएर विश्लेषण गरेकी छिन् । लगानीका ३ वटा स्वरुपहरुको बारेमा व्याख्या गर्दै उनले विप्रेषणको प्रयोग सम्बन्धि विभिन्न सिद्धान्तहरुको निर्माण गरेकी छन् । तसर्थ उनको विप्रेषणको प्रयोगको सिद्धान्तलाई आधारमा राख्दै यस अध्ययनलाई अगाडि बढाईने छ । यस लगायत व्यापारको क्षेत्रमा, उपभोगको क्षेत्रमा ऋण तिर्न आदि जस्ता क्षेत्रहरुमा पनि विप्रेषणको प्रयोग रहेको छ । तसर्थ उक्त विप्रेषणको प्रयोगद्वारा प्रतिष्ठाको कायम राख्न र त्यसको व्यवस्थापन गर्न कसरी भईरहेको छ ? भनि बुझ्न यो अध्ययन आवश्यक रहेको छ ।

**२.३ अवधारणाको रुपरेखा :**


आफ्ना आधारभूत आवश्यकताहरु परिपूर्ति गर्ने क्रममा स्वदेशमा रोजगारीको अवसर सृजना नहुँदा विदेशिनु परेको वाध्यता यथावत नै छ । यद्पी वैदेशिक रोजगारबाट पठाईएको विप्रेषणले भने देश विकाशमा खासै प्रभाव पारेको देखिँदैन । आफ्ना आधारभूत आवश्यकताहरु परिपूर्ति गरेर बाँकि रहेको विप्रेषणलाई उत्पादन मूलक क्षेत्रमा प्रयोग गर्न नसक्नु वर्तमान नेपाली समाजको एउटा ठूलो कमजोरि रहेको छ ।

विप्रेषणको प्रयोग र प्रतिष्ठा जोडेर हेर्दा विप्रेषणको प्रयोग कुन कुन क्षेत्रमा भईरहेको छ ? उक्त क्षेत्र अर्न्तगत प्रतिष्ठा व्यवस्थापन पर्छ वा पर्दैन भन्ने एउटा महत्वपूर्ण प्रश्न सृजना हुन आउँछ । उपभोग अर्न्तगत रहेको प्रतिष्ठा व्यवस्थापनको क्षेत्र पनि आर्थिक उपयोगको एउटा पाटो रहेको वर्तमान समाजमा प्रष्ट रुपमा देख्न सकिन्छ । तर यस अध्ययनमा प्रतिष्ठा व्यवस्थापन अर्न्तगत रहेका अन्य क्षेत्रहरुलाई तटस्थ राख्दै अर्थतन्त्रसगँ जोडिएको प्रतिष्ठा व्यवस्थापनलाई मात्र प्राथमिकता दिईने छ । वैदेशिक रोजगारबाट प्राप्त भएको विप्रेषण वा रकमको प्रयोगले वर्तमान नेपाली समाजको मध्यम वर्गमा व्याप्त रुपमा रहेको प्रतिष्ठालाई कसरी अगाडि बढाएको छ ? भनि हेर्न जरुरी देखिन्छ ।

त्यसैले यहाँ विप्रेषणलाई स्वतन्त्र चलको रुपमा राख्दै प्रतिष्ठा व्यवस्थापनका लागि विप्रेषणको प्रयोग भएका क्षेत्रहरुलाई आश्रित चलको रुपमा राखिएको छ । सो लगायत प्रतिष्ठा व्यवस्थापनलाई पनि ठाउँ, समाज र परिवेश

अनुसार फरक-फरक दृष्टिकोणबाट व्याख्या र विश्लेषण गरिने भएकाले द्वितिय आवश्यकताहरु परिपूर्ति गर्न र विलाशिताका वस्तुहरुको उपभोग गरेर प्रतिष्ठा कायम राख्नमा गरिएको प्रयोगलाई पनि केहि सुचकहरु मार्फत मापन गरिएको छ । जस्तै : गर - गहना खरिदमा गरिएको विप्रेषणको प्रयोग, नयाँ-नयाँ विशेषताहरु भएका आधुनिक प्रविधि जस्तै मोवाइल, कम्प्यूटर, टेलीभीजन, फ्रीज आदिको खरिद, धर्म तथा संस्कृतिलाई जोगाउने नाममा आवश्यकता भन्दा बढी पूजा कार्यमा गरिएको विप्रेषणको प्रयोग, विवाह, भोज भतेर आदि क्षेत्रमा गरिएको विप्रेषणको प्रयोग, दैनिक जीवनयापनमा आवश्यक पर्ने स्रोत र साधनहरुमा पनि अत्याधिक मूल्य पर्ने तर काम उस्तै हुने स्रोत र साधनहरुको खरिद लगायत यस्ता अन्य विभिन्न सूचकहरुलाई आधार बनाएर वर्तमान अवस्थामा अत्याधिक रुपमा भित्रीरहेको विप्रेषणको प्रयोगलाई प्रतिष्ठासँग जोडेर हेर्ने प्रयास यस अध्ययनबाट गरिएको थियो ।

उपरोक्त सम्बन्धमा व्याख्या गर्दा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणलाई स्वतन्त्र चलको रुपमा प्रस्तुत गरिएको छ, भने त्यो विप्रेषणको प्रयोग गर्ने विभिन्न क्षेत्रहरुलाई आश्रित चलहरुको रुपमा व्याख्या गरिएको छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :




**२.४ अनुसन्धानको अन्तर :**

वर्तमान समयसम्म वैदेशिक रोजगार र विप्रेषणको प्रयोग सम्बन्धिजति पनि अध्ययन र अनुसन्धानहरु भएका देखिन्छन् । ती सबै अध्ययनहरुले वैदेशिक रोजगारको कारण प्रभाव जस्ता कुराहरुमा मात्र महत्व दिएको देखिन्छ । त्यसका साथै वैदेशिक रोजगारबाट भित्रिएको विप्रेषणलाई हेर्दा पनि त्यसको प्रयोगका विभिन्न क्षेत्रहरु जस्तै : शिक्षा, स्वास्थ, कृषि, उपभोग आदिको मात्र व्याख्या र विश्लेषण गरेको पाइन्छ । तर आजसम्म कूनै पनि अध्ययनले विप्रेषणको प्रयोगलाई प्रतिष्ठासँग जोडेर हेर्ने प्रयास गरेको देखिदैंन । तर वर्तामान नेपाली समाजको चरित्रलाई हेर्दा जुनसुकै क्षेत्रबाट भएपनि प्रतिष्ठा व्यवस्थापन व्याप्त रुपमा रहेको देखिन्छ । जसले अर्थतन्त्रको क्षेत्रमा प्रत्यक्ष रुपले सम्पर्ग राखेको देखिन्छ । तसर्थ वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई अर्थतन्त्रको एउटा महत्वपूर्ण स्रोत मान्दै उक्त विप्रेषणको प्रयोगले कसरी प्रतिष्ठालाई कायम राखिरहेको छ ? भनि हेर्दा वर्तमान समयसम्म पनि कुनै अध्ययन र अनुसन्धान नभएको कारणले गर्दा यो अध्ययनलाई आवश्यक ठानिएको थियो ।

# अध्याय - ३
# अध्ययनको विधि :

**३.१ क्षेत्र चयनको औचित्यता :**

यस अध्ययनलाई अगाडि बढाउन झापाको मेचीनगर नगरपालिकाको वडा न. - ०९ लाई अध्ययनको क्षेत्र बनाईएको थियो । किनकी उक्त क्षेत्रमा अत्याधिक व्यक्तिहरु वैदेशिक रोजगारमा रहेको देखिन्छ । जसले गर्दा त्यो क्षेत्रमा अत्याधिक रुपमा विप्रेषण भित्रिरहेको कुरा प्रष्ट रुपमा बुझ्न सकिन्छ । त्यसैले विप्रेषणका प्रयोगको अवस्थालाई हेर्दा पनि उक्त क्षेत्रमा विप्रेषण उपभोग, लगानी, कृषी लगायत प्रतिष्ठा व्यवस्थापनको क्षेत्रमा पनि प्रयोग भईरहेको देख्न सकिन्छ । त्यसका साथै उक्त क्षेत्रमा बढि मात्रामा मध्यम वर्गिय परिवार रहेका छन् । जसलाई आफ्नो प्रतिष्ठा कायम राख्न अत्यन्त आवश्यक रहन्छ । उदाहरणका लागि हेर्दा उक्त क्षेत्रमा वसोवास गर्ने एक जना दाईले वैदेशिक रोजगारबाट ल्याएको विप्रेषणले उपभोग अर्न्तगत रहेको द्वितीय आवश्यकता भित्र आफ्नो प्रतिष्ठा व्यवस्थापन गर्ने क्रममा साथी - भाईलाई बोलाएर पार्टि दिने, नयाँ नयाँ मोडेलको वाइक किन्ने जस्ता कार्यहरु गरेको देखिन्छ, जसबाट उसले विप्रेषणको प्रयोग प्रतिष्ठा व्यवस्थापनमा गरेको बुझ्न सकिन्छ । त्यसैले माथि उल्लेख गरिएका प्रतिष्ठा व्यवस्थापनका केहि सुचकहरु उक्त ठाउँमा केहि हदसम्म रहेको देख्न सकिन्छ । जसले गर्दा आफूलाई आवश्यक पर्ने तथ्याङ्कहरु पनि उक्त क्षेत्रबाट नै प्राप्त गर्न सहज हुने भएकाले यस अध्ययनको लागि उक्त क्षेत्रको छनौट गरिएको थियो ।

उक्त क्षेत्र नै चयन गर्नुको कारण त्यो समाजमा अत्याधिक व्यक्तिहरु वैदेशिक रोजगारमा रहेका छन् । त्यसका साथै उक्त क्षेत्रमा इज्जत्तको अर्थतन्त्र वा प्रतिष्ठा व्यवस्थापन अत्यन्तै बढी मात्रामा हावी भएको पाइन्छ । र अर्को पक्षबाट हेर्दा आजभन्दा अगाडि उक्त क्षेत्रमा यस्तो किसीमको कुनैपनि अध्ययन नभएको पाइन्छ । वैदेशिक रोजगारबाट आएको विप्रेषणको प्रयोग कसैले दैनिक जीवनयापनको लागि मात्र गरेको पाइन्छ भने कसैले दैनिक जीवन सञ्चालनसँगै उत्पादन मूलक क्षेत्रमा पनि प्रयोग गरेको पाइन्छ । त्यसका साथै कतिपयले उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने मन हुँदा हुदैँ पनि पारिवारिक समस्याका कारण घर खर्च मै प्रयोग गरेका छन् । उदाहरणका लागि उक्त क्षेत्रमा एउटा व्यक्ति करिब ५ वर्ष विदेशमा बसेर कमाएको पैसा सबै आफ्नो बुबाको उपचारमा खर्च भएको जानकारी दिएका थिए । उक्त घटनालाई हेर्दा विप्रेषणको प्रयोग कस्तो-कस्तो क्षेत्रमा भइरहेको छ भनि बुझ्नका साथै प्रतिष्ठा व्यवस्थापन गर्ने क्रममा त्यसको प्रयोग कसरी भईरहेको छ भनि शूक्ष्म रुपमा विश्लेषण गर्ने महत्वकाक्षां जागेको छ । त्यसैले यस अध्ययनको लागि उक्त क्षेत्र छनौट गरिएको थियो ।

### ३.२ अध्ययनको ढाँचा :

अन्वेषणात्मक अनुसन्धान ढाँचाको माध्यमबाट अध्ययन गरिने यस अनुसन्धानमा प्रतिष्ठा व्यवस्थापनको क्षेत्रमा विप्रेषणलाई कसरी प्रयोग गरिएको छ भन्ने कुराको गहन रुपले वर्णन गरिएको छ । जसमा समाजमा घटेका घटना तथा मानविय क्रियाकपालहरुमा आएको परिवर्तनलाई नियाल्दै अध्ययन प्रक्रिया अगाडी बढाइएको छ । उक्त अध्ययनको लागी झापाको मेचीनगर नगरपालीका, वडा न. ९ को क्षेत्रलाई चयन गरिएको छ ।

उक्त क्षेत्रमा वैदेशिक रोजगारमा रहेका करिब ५०० घरपरिवार मध्ये नमुना छनौटको विधिबाट ५० घर परिवारको छनौट गरिएको छ । जसभित्र वैदेशिक रोजगारमा रहने विभिन्न देशहरु जस्तै : दुवई , कतार , मलेशिया , यूरोप आदि देशमा गएका व्यक्तिहरुको घर परिवारको छनौट गरिएको छ । जसमा केहि घरका सदस्यहरु अझै पनि वैदेशिक रोजगारमा रहेका छन् भने केही वैदेशिक रोजगारबाट फर्किएका छन् । जसमा संयुक्त परिवारमा रहेका घरधुरी र एकल परिवारमा रहेका घरधुरीहरुलाई पनि समान रुपमा समावेश गराईने छ । त्यस्तै केहि घरधुरीका २ वा सो भन्दा बढि वैदेशिक रोजगारमा रहेका घरहरु चयन गरिने छ भने केहि घरका १ सदस्यमात्र वैदेशिक रोजगारमा रहेका घरहरु चयन गरिने छ । त्यस्तै महिलाको तुलनामा पुरुषहरु नै बढी वैदेशिक रोजगारमा रहेकाले गर्दा बढि मात्राका घरधुरी पुरुष वैदेशिक रोजगारमा रहनेको परेका छन् भने केहि सिमीत घरधुरीहरु महिला वैदेशिक रोजगारमा रहेको घरहरु लिइएको छ ।

### ३.३ तथ्याङ्कको स्रोत र प्रकृति :

तथ्याङ्क संकलन गर्नका लागि विभिन्न विधिहरुको प्रयोग गरिएको छ । अध्ययन कर्ताले आफ्नो उत्तर प्राप्त गर्नका लागि विभिन्न प्रश्नहरु राखेको छन् । जसमा गुणात्मक विधीलाई प्रयोग गरी प्रतिष्ठा व्यवस्थापनको क्षेत्रमा प्रयोग गर्ने विप्रेषणका उपभोक्ता, त्यसबाट उनीहरुले पाएको सन्तुष्टि र त्यसले मानविय व्यवहारमा ल्याएको परिवर्तन बारे व्याख्या गरिएको छ भने मात्रात्मक तथ्याङ्कहरुको प्रयोग वैदेशिक रोजगारमा रहने व्यक्तिहरुको उमेर, लिङ्ग शैक्षिक स्तर आदिलाई बुझ्न गरिएको छ । विप्रेषणको प्रतिष्ठा व्यवस्थापनको क्षेत्रमा भएको प्रयोग, त्यसबाट पाएको सन्तुष्टि र त्यसले दैनिक जीवनमा पारिरहेको असर, तथा अन्य विविध कुराहरुमाथि उत्तरदाताको व्यक्तिगत अनुभवहरुको आधारमा यो अनुसन्धान अगाडी बढाइएको छ । त्यसका साथै अनुसन्धानकर्ता स्वयम्ले स्थलगत क्षेत्रबाट तथ्याङ्कहरुको संकलन गरेको छ । जसबाट प्राथमिक तथ्याङ्कहरु उपलब्ध गरीएको छ भने आवश्यक परेको अवस्थामा केहि हद सम्म द्वितिय तथ्याङ्कका स्रोतहरुको पनि प्रयोग गरिएको छ । जसमा विभिन्न लेखहरु, पत्रपत्रिकाहरु, पुस्तकहरु आदि रहेका छन् ।

### ३.४ समग्र र नमुना छनौट विधि :

यो अध्ययनलाई अगाडी बढाउन उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको छ । झापा जील्लाको मेचीनगर नगरपालिकाको समग्र जनसंख्या ११17९७ रहेकोमा वडा नं. ९ मा रहेका करिव १०१६२ जनसंख्यामा २३९१

(C.B.S. २०११) घरधुरी रहेका छन् । जसमध्ये धुलावारी क्षेत्रमा वैदेशिक रोजगारमा रहेका करिब ५०० घरधुरीहरु रहेका छन् । त्यसभित्रबाट करिब १०% घरधुरीहरुको  उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी अध्ययन प्रक्रिया अगाडी बढाइएको थियो ।

**३.५ तथ्याङ्क संकलन विधि :**

तथ्याङ्क संकलन गर्न अध्ययनकर्ता स्वयम् उपस्थि भएर वा विभिन्न प्रविधिको प्रयोग गरेर उत्तरदाता संग सम्पर्क गरिएको छ । जहाँ अर्न्तवार्ताको माध्यमबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ ।

**३.५.१ अन्तरवार्ता :**

अनुसन्धानकर्ताले विभिन्न विधिको प्रयोग गरेर स्वयम् उपस्थित भएर, नमुना छनौट गर्दा त्यसभित्र परेका परिवारहरुमा अन्तवार्ता लिएको छ । अर्न्तवार्ता लिने क्रममा केहि घर-धुरीका व्यक्तिहरुमा उक्त घरका घरमुली वा भनौं विप्रेषणलाई प्रयोगमा ल्याउने व्यक्तिहरुसँग प्रश्न गरिएको छ, भने केहि वैदेशिक रोजगारबाट फर्किएका र आफूले ल्याएको विप्रेषण आफैं प्रयोग गरिरहेका व्यक्तिहरुसँग प्रश्न गरिएको छ ।

खुल्ला र बन्द दुवै प्रकृतिको प्रश्नहरु निर्माण गरी उत्तरदाताबाट उत्तर खोज्ने प्रयास गरिएको थियो । बन्द प्रकृतिको प्रश्नहरुमा 'हुन्छ', 'हुँदैन'/ 'छ', 'छैन'/ 'गर्ने', 'नगर्ने' आदि जस्ता विकल्पसहितको प्रश्न निर्माण गरी सोधिएको थियो भने, खुल्ला प्रकृतिको प्रश्नहरुमा के, कहाँ, कसरी, कस्तो भनी खुल्ला रुपमा उत्तरदाताले उत्तर दिन सक्ने गरी प्रश्न बनाइएको थियो ।

जम्मा ५० घरधुरीमा गरिएको यस अध्ययनमा ३२ जना महिलाहरुको अर्न्तवार्तालाई  समावेश गराईएको छ । कीनकी उनीहरुले पतिले पठाएको विप्रेषणको प्रयोग गरिरहेका छन् भने १८ जना पुरुषहरुको अर्न्तवार्ता लिइएको छ । यी समग्र कुराहरुलाई ध्यानमा राख्दै, एक अर्कासँग सामन्जस्यता बढाउदैं, गोपनियता कायम राखी उत्तरदातासगँ विभिन्न प्रश्नहरु सोधीएको छ ।

**३.६ तथ्याङ्क विश्लेषणको प्रक्रिया :**

प्राथमिक स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरुलाई तालिका बद्ध गरेर व्याख्या तथा विश्लेषण गरिएको छ । मात्रात्मक भन्दा बढि गुणात्मक किसिमले अध्ययन गरिएको हुनाले संख्यात्मक तथ्याङ्कलाई भन्दा बढि  मात्रामा व्याख्या र विश्लेषणलाई प्राथमिकता दिइएको छ ।

**३.७ कार्यक्षेत्रको समयावधि :**

यो अध्ययनको क्षेत्र हेर्दा सानो देखिएता पनि तथ्याङ्क संकलनका  विभिन्न विधिहरु प्रयोग गरिनका साथै अनुसन्धान कर्ता स्वयम् कार्य क्षेत्रमा गएर तथ्याङ्क संकलन गरेको हुनाले करिब ३ देखी ४ महिनाको समय लागेको छ

। जसमा प्राथमिक तथ्याङ्क संकलनमा करिब २ महिना र तथ्याङ्कहरुको विश्लेषण र व्याख्यामा करिब १ महिना गरेर जम्मा ३ देखी ४ महिनाको समय लागेको छ । प्राप्त समयमा यो अध्ययनलाई पूर्ण रुपमा सम्पन्न गरिएको छ ।

### ३.८ अध्ययनको सीमा :

वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको प्रयोगका विभिन्न क्षेत्रहरु रहेका छन् । आधारभूत आवश्यकता परिपूर्ति देखि लिएर द्वितीय आवश्यकता वा विलाशिताको क्षेत्रमा यसको प्रयोग बढ्दो देखिन्छ । देखासेखी गर्ने प्रवृतिले होस् वा समाजमा आफ्नो हैसियत कायम राख्ने उद्देश्यले सम्पूर्ण देश भरीमा वैदेशिक रोजगारबाट आएको विप्रेषण कुनै न कुनै रुपमा प्रतिष्ठासगँ जोडिएर रहेको पाइन्छ । समग्र देशको आर्थिक विकाश सँगै विप्रेषण प्राप्त गर्ने सम्पूर्ण घरपरिवारलाई वर्तमान स्थितिमा प्रतिष्ठा कायम राख्नु एउटा जीवनयापनको महत्वपूर्ण पक्ष रहेको देखिन्छ ।

यद्दपि यस अनुसन्धानले समग्र देशमा भित्रने विप्रेषणको प्रयोगका सम्पूर्ण क्षेत्रहरुलाई समेट्न सकेको छैन । त्यसका साथै प्रतिष्ठा कायम राख्न भएको विप्रेषणको प्रयोगलाई बृहत्त रुपमा बुझ्न सकेको छैन । यो अनुसन्धानले सम्पूर्ण नेपाली जनताको अवस्थालाई प्रतिनिधित्व गर्न सक्दैन । यो अनुसन्धान झापा जील्लाको मेचीनगर न.पा. वडा न. ०९ मा बस्ने वैदेशिक रोजगारमा रहेका सम्पूर्ण घर परिवारहरु मध्ये नमुना छनौट विधिद्वारा चयन गरिएका घरपरिवारमा मात्र सिमीत छ । तसर्थ यस अध्ययनलाई वैदेशिक रोजगारीमा रहने सम्पूर्ण नेपालीहरको अवस्थालाई बुझ्न प्रयोग गर्न सकिँदैन । त्यसैले यसको सामान्यीकरण गर्दा निश्चित ठाउँ नै आवश्यक हुन्छ , र त्यसको लागि झापा मे.न.पा. ०९ लाई उपयुक्त ठाउँ  मानिएको छ । त्यसैले उक्त क्षेत्रमा मात्र यो अनुसन्धानलाई सामान्यिकरण गरेर व्याख्या गरी आवश्यक नीति नियम, कार्यक्रम अगाडि बढाउन सकिनेछ ।

# अध्याय - ४

# विप्रेषणको प्रयोगका क्षेत्रहरु र त्यसले कायम गर्ने सामाजिक प्रतिष्ठा

विप्रेषणको प्रयोगलाई वर्तमान नेपाली समाजमा विभिन्न क्षेत्रहरुलाई देख्न सकिन्छ वैदेशिक रोजगारीमा गएको ऋण तिर्न होस् वा विगतको ऋण तिर्न, उपभोग अन्तर्गत गाँस, बास, कपास खरिद गर्न, अचल सम्पत्तिमा लगानी गर्न जस्तै : जग्गा जमिन खरिद, घर निर्माण आदि क्षेत्रहरुमा विप्रेषणको प्रयोग व्याप्त रुपमा देख्न सकिन्छ । आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रममा समाजको प्रभाव र व्यक्तिहरुको प्रतिक्रियाका साथै समाजमा आफ्नो हैसियत उच्च राख्ने बहानामा विप्रेषणको प्रयोग  सामाजिक प्रतिष्ठा कायम राख्नमा भएको देखिन्छ ।

सामाजिक प्रतिष्ठालाई सामाजिक, आर्थिक, राजनैतिक, मानवीय पुँजी आदिको आधारमा रहेर व्याख्या गर्न सकिन्छ । तर यस अनुसन्धानमा सामाजिक प्रतिष्ठालाई आर्थिक हैसियतसँग जोडेर हेर्ने प्रयास गरिएको छ । वैदेशिक रोजगारबाट भित्रने विप्रेषणले आर्थिक अवस्थामा परिवर्तन ल्याए पश्चात् समाजबाट प्राप्त हुने प्रतिक्रिया र कथित सामाजिक प्रतिष्ठा उच्च बनाउने उद्देश्यलाई बुझ्न यो अनुसन्धान गरिएको छ ।

**४.१ वैदेशिक रोजगारमा लाग्ने उमेर समूह :-**

विप्रेषणको आधार भनेको वैदेशिक रोजगार हो । वर्तमान नेपाली समाजमा वैदेशिक रोजगारमा लाग्ने उमेर समूह यति नै हो भनेर किटान गर्न नसकिएता पनि १८ वर्ष भन्दा माथि ६० वर्ष सम्मका महिला तथा पुरुषहरु वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ । शारीरिक रुपमा सबल रहेका र १८ वर्ष पूरा हुने वित्तिकै अध्ययनमा भन्दा पैसा कमाउनमा रुची राख्ने र आधारभूत आवश्यकता परिपुर्ति गर्ने क्रममा आर्थिक अवस्थालाई दयनीय मानेर विदेशिने प्रवृत्ति बढ्दो छ ।

तसर्थ यस अध्ययनमा वैदेशिक रोजगारमा जाने उत्तरदाताहरुलाई उनीहरुको उमेर अनुसार वर्गीकरण गरिएको छ । जसलाई निम्नानुसार लिन सकिन्छ :

तालिका नं. १. **वैदेशिक रोजगारमा लाग्ने व्यक्तिको उमेर समूह विवरण :-   :**

| उमेर समूह (उत्तरदाताको आधारमा) | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| १८ - २४ | ५ | १० % |
| २५ - ३० | ११ | २२ % |
| ३१ - ३६ | १८ | ३६ % |
| ३७ - ४२ | ६ | १२ % |
| ४३ - ५० | ४ | ८ % |
| ५० भन्दा माथि | ६ | १२ % |
| जम्मा | ५० | १०० % |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

उत्तरदाताको उमेरलाई विभिन्न उमेर समूहमा विभाजन गरेर राखिएको छ । जस्तैः १५-२४, २५-३४, ३५-४४ आदि । उक्त उमेर समूहभित्र रहेका उत्तरदाताहरूको जम्मा जनसंख्यालाई प्रतिशतमा परिवर्तन गर्दै राखिएको छ । जसमा सबैभन्दा बढी उत्तरदाताको संख्या ३५-४४ वर्ष भित्रका रहेको छ, जुन ३६% हुन आउँछ । जम्मा ५० घर परिवारमा गरिएको यस अध्ययनमा ३६% उत्तरदाता ३५-४४ वर्ष भित्रका उमेर समूहमा पर्दछन् भने सबैभन्दा कम ५५-६४ वर्ष भित्रका उमेर समूह रहेका छन् जसको प्रतिशत हेर्दा ८% मात्र रहेको देखिन्छ ।

**४.२ लिङ्ग अनुसार वैदेशिक रोजगारको अवस्था :-**

विप्रेषण भित्राउन महिला वा पुरुष यो पनि वैदेशिक रोजगारमा लागेको पाइन्छ । यस अध्ययनले ५० घरपरिवारको अध्ययन गर्दा बढी मात्रामा पुरुषहरु वैदेशिक रोजगारमा जाने गरेको पाइयो । यद्धपि महिलाहरु पनि वर्तमानमा समयमा वैदेशिक रोजगारमा जाने क्रम बढ्दो देखिन्छ । महिला र पुरुष बीचको तुलनामा तिनीहरुको अनुपात १:२ रहेको देख्न सकिन्छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

५० घरपरिवारमा गरिएको यस अध्ययनमा वैदेशिक रोजगारीमा लाग्ने पुरुषहरुको संख्या ३२ (६४%) रहेको छ भने महिलाहरुको संख्या १८ (३६%) रहेको देखिन्छ । पितृसत्तात्मक नेपाली समाजमा कमाएर ल्याउने कार्य पुरुषको हुन्छ भन्ने मान्यताले गर्दा पनि महिलाभन्दा बढी पुरुषको संख्या वैदेशिक रोजगारमा रहेको तथ्याङ्कले देखाएको छ । महिलाहरु वैदेशिक रोजगारमा गएको घर परिवारमा पुरुषहरुले घरको व्यवहार सम्हालेको पाइन्छ भने महिलाहरु घरमा

बस्दा पुरुषहरु वैदेशिक रोजगारमा लाग्नाले महिलाहरुको निर्णय लिने क्षमतामा अभिवृद्धि भएको देखिन्छ । जसले गर्दा लैङ्गिक असमानता पनि केही हदसम्म पुरिँदै गएको पाइन्छ ।

तालिका न. २ **लिङ्ग अनुसारवैदेशिक रोजगारमा जाने व्यक्तिको विवरण :**

| लिङ्ग | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ४४ | ८८ % |
| महिला | ६ | १२ % |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

लिङ्ग अनुसारवैदेशिक रोजगारमा जाने व्यक्तिको संख्यालाई वर्गिकरण गर्दा ४४जना ( ८८%) पुरुष रहेका छन् भने महिलाहरुको संख्या केवल ६ जना ( १२%)मात्र रहेको देखिन्छ । पुरुषहरू वैदेशिक रोजगारमा रहने भएकाले महिलाहरुले घर व्यवहार सम्हाल्नु पर्ने भएकाले उनीहरुको निर्णय क्षमता बढेको पाइन्छ । जसमा घर गृहिणीको रुपमा रहेका महिलाहरु पनि केहि मात्रामा साक्षर भएकाले गर्दा उत्तर प्राप्त गर्न केहि सहज भएको छ ।

### ४.३ वैवाहिक स्थिति :-

विप्रेषणको आयात गर्न वैदेशिक रोगजारमा लागेका व्यक्तिहरुको वैवाहिक स्थित बारे बुझ्न आवश्यक देखिन्छ । विवाह बन्धनमा बाँधिएर गएपछि पठाएको विप्रेषण प्रयोग र अविवाहित अवस्थामा वैदेशिक रोजगारमा लागेपछि भित्राएको विप्रेषणको प्रयोगमा अत्याधिक फरक पाउन सकिन्छ । विवाह पूर्व वैदेशिक रोजगारबाट ल्याएको विप्रेषण बढी मात्रामा अनउतीदक क्षेत्रमा प्रयोग भएको देखिन्छ जस्तै : महँगो मोबाइल किन्ने, मोटरसाइकल किन्ने, साथीभाइसँग भोज भतेर गर्ने, घुम्न जाने आदि क्षेत्रमा प्रयोग गर्ने गरेको पाइन्छ भने विवाह पछि पारिवारिक जिम्मेवारी बढ्ने कारणले खाना, छाना र नाना या स्वास्थ्य, शिक्षा, बचत आदि क्षेत्रमा प्रयोग गरेको पाइन्छ । त्यसभित्र पनि प्रतिष्ठा जोगाउन बढी मात्रामा खर्च गर्ने गरेको देखिन्छ । त्यसैले यस अध्ययनले ५० घरपरिवारमा विवाह गरेर वैदेशिक रोजगारमा लाग्ने र विवाह नगरी वैदेशिक रोजगारमा लाग्नेको तथ्याङ्क संकलन गरेको छ । जसलाई निम्नानुसार लिन सकिन्छ :

तालिका नं. : ३ **वैदेशिक रोजगारमा रहने व्यक्तिको वैवाहिक स्थितिको विवरण :**

| वैवाहिक स्थिति | | |
|---|---|---|
| ीववाहित | ऋविवाहित | जम्मा |
| ३५ (७०%) | १५ (३०%) | ५० (१००%) |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

तथ्याङ्कलाई हेर्दा विवाहित वैदेशिक रोजगारमा जानेको संख्या ३५ (७०%) रहेको देखिन्छ । उनीहरुको घरपरिवारमा विप्रेषणको प्रयोग दैनिक जीवनयापन, खानपान, शिक्षा, स्वास्थ आदि जस्ता कुरामा भएको पाइन्छ । उपभोगमा आधारित रहेर विप्रेषणको प्रयोग गर्ने र बचेको पैसा लगानी गर्ने गरेको पाइन्छ भने अनउत्पादक क्षेत्रमा र विलाशिताको क्षेत्रमा खासै धेरै विप्रेषण प्रयोग नगरेको देखिन्छ । त्यस्तै विवाह नगरी वैदेशिक रोजगारमा जानेको संख्या १५ (३०%) देखिन्छ। पारिवारिक जिम्मेवारी बोध नभएको कारणले गर्दा त्यस्ता व्यक्तिहरुले बढी मात्रामा फजुल खर्च गर्न विप्रेषणको प्रयोग गरेको देखिन्छ । जसको मूलभूत उद्देश्य भनेको समाजमा आफूलाई आर्थिक रुपले सक्षम देखाउनु र समाजको ध्यान केन्द्रित गर्ने प्रतिष्ठा व्यवस्थापन गर्नु रहेको छ।

## ४.४ वैदेशिक रोजगारमा लाग्ने व्यक्तिहरुको शैक्षिक स्तर :-

रोजगारीको अवसर शिक्षाले निर्धारण गर्दछ। वर्तमान समयमा शैक्षिक स्तर राम्रो भएमा रोजगारी प्राप्त गर्न केही हदसम्म सहज हुनका साथै काममा पनि सहजता र सरलता हुन जान्छ। त्यस्तै शैक्षिक स्तर कमजोर भएर काम कठिनाई, आयमा कमी, रोजगार प्राप्त गर्न कठिनआदि समस्याहरुको सामना गर्नुपर्छ। तसर्थ यस अध्ययनले वैदेशिक रोजगारमा लाग्ने व्यक्तिहरु उनीहरुको शैक्षिक स्तर बुझ्ने प्रयास गरेको थियो। जसलाई निम्न तथ्याङ्क अनुसार प्रस्तुत गर्न सकिन्छ :-

तलिका नं. :४ **वैदेशिक रोजगारमा लाग्ने व्यक्तिहरुको शैक्षिक स्तर विवरण :**

| शैक्षिक स्तर | | |
|---|---|---|
| साक्षर | निरक्षर | जम्मा |
| २८ (५६% | २२ (४४%) | ५० (१००%) |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

शैक्षिक क्षेत्रमा हेर्दा शिक्षित उत्तरदाताहरु ५६% रहेका छन् भने निरक्षर उत्तरदाताहरूको प्रतिशत ४४% रहेको पाइन्छ । उक्त तालिकाबाट के भन्न सकिन्छ भने ५० घर परिवारमा गरिएको अध्ययनमा बढी मात्रामा विवाहित र साक्षर उत्तरदाताहरुको उत्तर समावेश गरिएको छ। सामान्य लेखपढ गरेर उच्च शिक्षा हासिल गर्न विभिन्न पारिवारीक समस्याले नदिएर वैदेशिक रोजगारमा लाग्ने पुरुष तथा घर गृहिणीको रुपमा रहेका महिलाहरु वर्तमान समयमा केहि हदसम्म साक्षर रहेको पाईन्छ । विभिन्न घरायसी समस्या देखि लीएर विगतको शिक्षाको अवस्थालाई हेर्दा ५० घरपरिवारको अध्ययनमा ५६ % साक्षर हुनु पनि शिक्षा क्षेत्रको एउटा उपलब्धी हो भन्न सकिन्छ। तथापि उच्च शिक्षा हासिल गरेर वैदेशिक रोजगारमा लाग्दा केही हदसम्म सहज रोजगार पाईने संभावना रहन सक्दछ।

### ४.५ वैदेशिक रोजगारका लागि चयन गरिने देशहरु :-

मानिसहरु रोजगारको लागि सहज परिवेश र राम्रो आयको खोजीमा हुन्छन् । कुनै पनि व्यक्तिले वैदेशिक रोजगारमा लाग्नु पूर्व आफू जाने देश, गर्ने काम, हुने अम्दानी सम्पूर्ण विषयको जानकारी लिएको हुन्छ । सम्पूर्ण कुराहरु चित्त बुझेमा मात्र व्यक्तिले उक्त देश चयन गर्दछ। अहिलेको नेपालको अवस्थालाई हेर्दा वैदेशिक रोजगारमा लाग्नु रहर वा आय वृद्धि गर्ने उद्देश्य नभई दैनिक गुजार गर्न र आधारभूत आवश्यकता परिपूर्ति गर्न केन्द्रित देखिन्छ। देशमा रोजगारीको अवसर नहुनु, सामान्य लेखपढको भरमा रोजगारी प्राप्त नहुनु, थोरै ज्यालामा का मगर्ने कठीन हुनु, दैनिक जीवनयापन गर्न समेत समस्या भएकाले जस्तोसुकै छ जुनसुकै देशमा भएपनि रोजगारको लागि जानुपर्ने बाध्यात्मक अवस्था सृजना भएको छ। वैदेशिक रोजगारमा जाने साथीभाईको सम्बन्ध, आफ्नो क्षमता सिप, लाग्ने खर्च कारणहरुले गर्दा मानिसहरुले वैदेशिक रोजगारको लागि विभिन्न देशहरु च्यन गरेको पाइन्छ।

त्यसका साथै वैदेशिक रोजगारमा पनि युरोपियन देशहरु, अमेरिका, कोरिया आदि जाने र खाडी मुलुकहरु जस्तै : कतार, मलेसिया, दुवै आदि देशमा जाने विचमा बृहत असानता निर्माण भएको छ । आयको अवस्था देखि लिएर समाजले हेर्ने नजरमा फरकपना पाइन्छ । अमेरिका, क्यानडा, अष्ट्रेपलया जस्ता देशहरुमा जानेलाई उच्च र दुवई, कतार, मलेसिया जस्ता देशहरु जनेलाई निम्न स्तरमा राखेर सामाजिक व्यवहार सञ्चालन गर्ने गरेको पाइन्छ।

उच्च स्थानमा रहने मानिसहरुको सामाजिक हैसियत, प्रतिष्ठा पनि माथि हुने र निम्न स्तरम रहने व्यक्तिहरुको सामाजिक हैसियत पनि निम्न रहने गरेको पाइन्छ ।

यावत् कुराहरुले गर्दा मानिसहरुले विकसित देशहरु जने प्रयास गरेपनि विभिन्न कारणहरु जस्तै : पैसा, शिक्षाका, सामाजिक सञ्जाल (Social network) आदिको अभावले गर्दा जुनसुकै देश भएपनि जान बाध्य देखिन्छ । तसर्थ यस अध्ययनले वैदेशिक रोजगारका लागि कुन कुन देशहरु चयन गरिएको छ भनी तथ्याङ्कलन गरेको छ । जसलाई निम्नानुसार लिन सकिन्छ :-

तालिका नं. : ५ **वैदेशिक रोजगारमा गएको देशहरुको विवरण :-**

| देश | संख्या | प्रतिशत |
|---|---|---|
| मलेसिया | १० | २०% |
| कतार | १२ | २४% |
| दुवै | ८ | १६% |
| अमेरिका | २ | ४% |
| अष्ट्रेलिया | ५ | १०% |
| जपान | ३ | ६% |
| कोरिया | ७ | १४% |
| अन्य | ३ | ६% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

माथिको तालिकालाई हेर्दा ५० घर परिवारमा गरिएको अध्ययन अनुरुप बढी मात्रामा वैदेशिक रोजगारको लागि कतारलाई चयन गरिएको पाइन्छ । त्यस्तै क्रमशः मलेशिया (२०%), दुवै (१६%), कोरिया (१४%) रहेका छन् भने सबैभन्दा कम वैदेशिक रोजगारमा अमेरिका (४%) रहेको पाइन्छ । वैदेशिक रोजगारलाई प्रभाव पार्ने विभिन्न कारक तत्वहरूले गर्दा कतार, मलेशिया, दुवै आदि जस्ता देशहरुमा बढी मात्रामा नेपालीहरू जाने गरेको तथ्याङ्कले देखाएको छ ।

उक्त देशहरू चयन गर्नुपर्ने कारणहरुलाई हेर्दा उत्तरदाताहरूबाट फरक फरक किसिमका उत्तरहरू प्राप्त भएको पाइन्छ । जसअनुसार रोजगारको अवसर सहजै प्राप्त हुने, विभिन्न क्षेत्रमा मजदुरीको लागि कामदारहरू बढी

मात्रामा बाह्यबाट आयात गर्ने देशहरु मलेशिया, दुवै, कतार आदि जस्ता देशहरु रहेका छन् । देशले अन्तराष्टिय श्रम सम्झौता गरेका देशहरु, त्यसका साथै कम लगानीमा जान सकिने, शैक्षिक अवस्था कमजोर भएपनि असर नगर्ने आदि कारणहरु प्राप्त भएका छन् । जसलाई निम्नानुसार लिन सकिन्छ :-

- पारिवारिक जीवनस्तर सहज बनाउन,
- रोजगारीको अवसर सहजै प्राप्त हुने,
- कम लगानी लाग्ने,
- कमजोर शैक्षिक अवस्था भएपनि जान सकिने,
- नेपालमा रोजगारीको अभाव
- तुलनात्मक रुपमा उक्त देशहरुमा बढी आय हुने भएर,
- अध्ययनको शिलशिलामा जाने र आय आर्जन गर्ने उद्देश्य आदि ।

माथि उल्लेखित विभिन्न कारणहरुले गर्दा नै मानिसहरुले वैदेशिक रोजगारलाई अपनाएको र उपरोक्त देशहरू नै चयन गर्ने गरेको पाइन्छ ।

वैदेशिक रोजगारबाट प्राप्त हुने आयलाई हेर्दा ५० घर परिवारको अध्ययनमा विभिन्न तथ्याङ्क प्राप्त भएको छ । जसअनुरुप कुन घरपरिवारले कति रकम खर्च, बचत वा लगानी गर्दछन् भन्ने व्याख्या र विश्लेषण गर्न सकिन्छ । वैदेशिक रोजगारबाट परिवारको जीवनस्तर सहज बनाउने विचारमा वैदेशिक रोजगारीलाई प्राथमिकता दिएको पाइन्छ । वैदेशिक आयलाई ४ भागमा विभाजन गरी मासिक रुपमा प्राप्त हुने रकमलाई निम्न तालिका अनुसार व्याख्या गरिएको छ ।

तालिका नं. : ६ **वैदेशिक रोजगारबाट मासिक रुपमा प्राप्त हुने आयको विवरण :**

| आय रु. | घरपरिवार | प्रतिशत |
|---|---|---|
| ३०००० भन्दा कम | १६ | ३२% |
| ३१०००-४०००० | १२ | २४% |
| ४१०००-५०००० | १७ | ३४% |
| ५१००० भन्दा माथि | ५ | १०% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

वैदेशिक आयको विवरणलाई हेर्दा ५० घर परिवारको अध्ययनमा ३०००० भन्दा कम आय गर्ने परिवार संख्या १६ (३२%) रहेका छन् भने ३१००० देखि ४०००० सम्म आय भएको परिवार संख्या १२ (२४%) रहेको छ । त्यस्तै ४१००० देखि ५०००० सम्म मासिक आय भएको परिवार संख्या १७ (३४%) रहेको पाइन्छ भने ५१००० भन्दा माथि आय आर्जन गर्ने परिवार संख्या ५ (१०%) रहेको छ । यसबाट यो कुरा प्रष्ट देखिन्छ कि सबैभन्दा बढी घरपरिवारको संख्या ४१००० देखि ५०००० सम्म आय भएका रहेको छ भने ५१००० भन्दा माथि आय हुने घरपरिवारको संख्या सबैभन्दा कम रहेको देखिन्छ । शिक्षाको अभाव, शिपको अभाव आदि कारणहरुले पनि न्यून आयमा काम गर्नुपर्ने अवस्था रहेको पाइन्छ ।

## ४.६ विप्रेषणको प्रयोग :

वैदेशिक रोजगारबाट प्राप्त भएको विप्रेषण विभिन्न क्षेत्रहरूमा प्रयोग हुने तथ्याङ्कले देखाएको छ । जस्तै : कृषि, अचल सम्पत्तिमा लगानी, व्यापार, उपभोग आदि । त्यसका साथै बढी मात्रामा विप्रेषणको प्रयोग भनेको उपभोगको क्षेत्रमा गरिएको पाइन्छ । विप्रेषण सम्बन्धी विगतका विभिन्न व्याख्या र विश्लेषणलाई हेर्दा विप्रेषणको प्रयोग उपभोग अन्तर्गत पनि विभिन्न क्षेत्रमा गरिएको पाइन्छ ।

Hanusch,M. र Vaaler,P.(2015) का अनुसार *"विप्रेषण उपभोगमा मात्र सिमित नभएर गुणस्तरीय वस्तुहरुको उत्पादनमा पनि प्रयोग भइरहेको छ । विप्रेषण बढी मात्रामा ग्रामीण क्षेत्रमा साना तथा घरेलु उद्योगको क्षेत्रमा प्रयोग भइरहेको छ । जसले आर्थिक वृद्धिलाई केहि हदसम्म सकारात्मक प्रभाव पारिरहेको देखिन्छ ।"*

उक्त विश्लेषणलाई हेर्दा विप्रेषणको प्रयोग उपभोगमा मात्र सिमित नभएर उत्पादनमूलक क्षेत्रमा पनि प्रयोग भएको देखिन्छ । तथापि यस अध्ययनले विप्रेषणको प्रयोगलाई विभिन्न क्षेत्रमा विभाजन गरेर अध्ययन गर्ने प्रयास गरेको छ ।

तालिका नं. : ७ **विप्रेषणको प्रयोगका क्षेत्रहरुको विवरण :**

| प्रयोगको क्षेत्र | घरपरिवार | प्रतिशत |
|---|---|---|
| अचल सम्पत्ति + उपभोग | ६ | १२% |
| व्यापार + उपभोग | ९ | १८% |
| उपभोग मात्र | २० | ४०% |
| उपभोग + बचत | १२ | २४% |
| अन्य | ३ | ६% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

वैदेशिक रोजगारबाट प्राप्त हुने आयको प्रयोगलाई हेर्दा बढी मात्रामा उपभोगमा प्रयोग भएको पाइन्छ । लगभग ४०% आय उपभोगमा मात्र सिमित रहेको छ भने १२% आय अचल सम्पत्तिमा र उपभोगमा प्रयोग भएको देखिन्छ । त्यस्तै १८% व्यापारको क्षेत्र सहित उपभोगमा प्रयोग भएको छ । उपभोग गरेर बाँकी रहेको रकम बचत गर्नेको संख्या १२ (२४%) रहेको छ भने उपभोग गरी बाँकी आय अन्य क्षेत्रमा प्रयोग गर्नेको संख्या ३ (६%) रहेको तथ्याङ्कले देखाएको छ ।उक्त तथ्याङ्कबाट यो कुरा पुष्टि हुन्छ कि विप्रेषण बढी मात्रामा उपभोगमा प्रयोग भए तापनि केहि हिस्सा अचल सम्पत्तिहरुमा लगानी, व्यापार तथा बचतको क्षेत्रमा पनि प्रयोग भइरहेको पाइन्छ ।

### ४.६.१ उपभोग भित्रको उपभोगमा विप्रेषण :

वैदेशिक रोजगारबाट आएको विप्रेषण उपभोगको क्षेत्रमा प्रयोग भइरहेको माथिको तथ्याङ्कबाट नै स्पष्ट भइसकेको छ । तथापि उपभोग अन्तर्गत पनि आधारभूत आवश्यकता परिपूर्तिको क्षेत्र र द्वितीय उपभोग्य वस्तुहरूको प्रयोगको क्षेत्र रहेको पाइन्छ । प्राथमिक उपभोगको क्षेत्रलाई आधारभूत मानिएतापनि सामान्य खर्चमा पूरा हुने क्रियाकलापलाई वा आवश्यकतालाई बढी मात्रामा खर्चिलो बनाएर प्रयोग गर्ने गरेको पाइएको छ । त्यसका साथै द्वितीय आवश्यकता परिपूर्ति गर्ने क्रममा पनि बढी मात्रामा आयको प्रयोग गरी उत्पादनमूलक क्षेत्रमा भन्दा पनि बढी समाजमा आफूलाई स्तरीय र राम्रो बनाउने उद्देश्यले अनावश्यक रुपमा विप्रेषणको प्रयोग गरिएको पाइन्छ । तसर्थ यस शिर्षक “उपभोग भित्रको उपभोगमा विप्रेषण” ले विप्रेषणको उपभोग कसरी भइरहेको छ र त्यसले समाजमा व्यक्तिको प्रतिष्ठा कायम राख्न कसरी मद्दत गरिरहेको छ भनी स्पष्ट पार्न मद्दत गर्नेछ ।

#### ४.६.२ खाद्यान्नको क्षेत्रमा विप्रेषणको प्रयोग

आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रममा खाद्यान्नको क्षेत्रमा विप्रेषणको प्रयोग हुनु सामान्य कुरा हो । तथापि खाद्यान्नमा मासिक कति खर्च हुन्छ भनी यस अध्ययनले राखेको एक प्रश्नमा निम्नानुसार तथ्याङ्क प्राप्त भएको छ । तालिका नं. : ८ **खाद्यान्नमा हुने मासिक खर्चको विवरण :**

| खाद्यान्नमा खर्च हुने रकम रु. | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १०००-२००० | ५ | १०% |
| २१००-३००० | १० | २०% |
| ३१००-४००० | १० | २०% |
| ४१००-५००० | ६ | १२% |
| ५००० भन्दा माथि | १९ | ३८% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

माथिको तथ्याङ्कअनुसार खाद्यान्नमा मासिक ५००० भन्दा बढी खर्च गर्ने परिवार ३८% रहेको देखिन्छ भने १०००-२००० सम्म खर्च गर्ने परिवार सबैभन्दा कम १०% रहेको पाइन्छ। त्यस्तै २१०० देखि ३००० सम्म खर्च गर्ने २०% रहेको छन् भने ४१०० देखि ५००० सम्म खर्च गर्ने १२% रहेका छन् । आफ्नो निजी जमिनमा उत्पादन भएपनि उक्त उत्पादित वस्तुहरुले खानपानको सम्पूर्ण आवश्यकता परिपूर्ति नगर्ने भएकाले खाद्यान्नको क्षेत्रमा पनि मासिक २-३ हजारसम्मखर्च हुने गरेको उत्तरदाताहरुको भनाई छ । त्यसका साथै आफ्नो निजी जमिन नहुनेले त सम्पूर्ण खाद्यान्न खरिद गरेरै जीवनयापन गर्नुपर्ने भएकाले उनीहरुको झन ४-५ हजार भन्दा बढी मासिक खाद्यान्नमा खर्च रहेको तथ्याङ्कले देखाएको छ ।

आफ्नो इजज्त वा प्रतिष्ठा बाहिर गएर खाना खाँदा, राम्रो होटेलमा बस्दा उच्च हुन्छ भन्ने मान्यतालाई आधार बनाई यो अध्ययनको प्रश्नहरू अगाडि बढाइएको छ । बाहिर होटेल वा रेष्टुरेन्टमा खाना खान जाने वा नजाने गरेको भनी प्रश्न गर्दा प्राप्त विवरण यसप्रकार पाइएको छ :

तालिका नं. : ९ **रेष्टुरेन्टमा खाना खान जाने वा नजाने उत्तरदाता संख्या :**

| अवस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| जाने गरेको | ४६ | ९२% |
| नजाने गरेको | ४ | ८% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

मथिको तालिका अनुसार खाद्यान्नको क्षेत्रमा विप्रेषणको प्रयोगलाई हेर्दा ९२% घरपरिवारले बाहिर खाना खान जाने गरेको पाइयो भने ८% घरपरिवारले नजाने गरेको पाइयो । बाहिर जाने घरपरिवारलाई जाने गरेको अवस्थाको कारण बुझ्दा घरमा वनाउन अल्छि लाग्ने, मनोरञ्जन गर्न मन लाग्ने छोरा छोरीको रहर पुरा गर्ने तथा समाजमा अरुलाई देखाउन पनि रमाईलो गर्नूपर्ने आदि जस्ता कारणहरु देखिए । त्यस्तै विरलै जानेहरुले चाँहि जान मन भएपनि आर्थिक अवस्था कमजोर भएर जान नपाउने गरेको वताए । यसबाट बुझ्न सकिन्छ कि विप्रेषणको आयको केहि हिस्सा आधारभूत आवश्यकता पूरा गर्ने क्रममा पनि बढी खर्चिलो किसिमबाट प्रयोग भइरहेको देखिन्छ ।

बाहिर खाना खान जाँदा कस्तो ठाउँहरूमा जान रुचाइन्छ भनी हेर्दा प्राप्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १० **खाना खान जाने ठाउँको विवरण :**

| जाने ठाउँ | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| सामान्य होटेल | २३ | ४६% |
| रेष्टुरेन्ट | २५ | ५०% |
| तारे होटेल | २ | ४% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

उपरोक्त तालिकालाई विश्लेषण गर्दा खाना खान वा मनोरञ्जनको लागि बाहिर जाने गर्नुभएकोमा कस्ता ठाउँमा जानुहुन्छ भनी प्रश्न गर्दा ४६% ले सामान्य होटेलमा जाने गरेको बताए भने ५०% ले रेष्टुरेन्टमा जाने गरेको बताए । त्यस्तै तारे होटेलमा जानेको प्रतिशत अत्यन्तै न्यून ४% रहेको देखियो । तसर्थ उक्त तालिकाले खानपानको क्षेत्रमा भएको विप्रेषणको प्रयोगलाई स्पष्ट पार्न मद्दत गर्दछ ।

खाद्यान्न सँगै जोडिएर आफूले अन्न उत्पादन गर्ने वा किनेर खाने कस्तो अवस्था छ भनी बुझ्दा अधिकांश भन्दा बढीले उत्पादन त गर्ने तर खान नपुग्ने किनेर खानुपर्ने अवस्था रहेको बताए भने केहिले उत्पादित अन्नले खानपुग्ने गरेको बताएका छन् ।

वैदेशिक रोजगारमा लाग्नु पूर्वको र लागिसकेपछि त्यसबाट भित्रिएको विप्रेषण प्रयोग जग्गाजमिन खरिद गर्ने वा खाद्यान्न उत्पादन गर्नमा प्रयोग भएको वा छैन भनी स्पष्ट पार्न केहि प्रश्नहरु गरिएको थियो । जसको उत्तरलाई तलको तालिका अनुरुप राखिएको छ ।

तालिका नं. : ११ **निजी जमिनको अवस्था :**

| निजी जमिनको अवस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| हुने | ४२ | ८४% |
| नहुने | ८ | १६% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

माथिको तालिका अनुरुप वैदेशिक रोजगारमा लाग्नुपूर्व होस् वा लागिसकेपछि करिब ८४% भन्दा बढी घरपरिवारको आफ्नो स्वामित्व रहेको जमिन छ । जसलाई स्पष्ट पार्न वैदेशिक रोजगारमा लाग्नु पूर्व जमिन के कति थियो हाल थपघट भए वा नभएको के छ भनी बुझ्दा धेरै घरपरिवारले वैदेशिक रोजगारमा लागेपछि त्यसबाट भित्रिएको विप्रेषणले जग्गा जमिन किनेको बताए । कसैले १०-१२ कट्ठा देखि १ विघा सम्म जग्गा जमिन किनेको पाइयो भने धेरैले घर बनाएर बस्न मिल्नेसम्म २/३ कट्ठा जग्गा जमिन चाँहि जोड्ने नै गरेको बताए भने थोरै १/२ घरपरिवारले मात्र भएको जग्गा जमिन बेचेर विदेश गए पनि त्यहाँबाट आएको विप्रेषणले जमिन थप्न वा खरिद गर्न नसकेको अवस्था बारे जानकारी दिए ।

आफ्नो जमिन नहुने घरपरिवारले उत्पादनको लागि गाउँका जमिनदार वा हुनेखाने व्यक्तिहरूको जग्गा जमिन अधिँया वा ठेक्कामा लिएर उत्पादन गर्ने गरेको बताए भने कसैले व्याज मरौनी स्वरुप केहि रकम दिने र त्यसको व्याज बापत उनीहरुको जमिनमा उत्पादन गरेर खाने गरेको पाइयो । तथापि त्यसरी गरेको उत्पादनले पनि सधैँभरी खान नपुग्ने भएकोले विप्रेषणबाट नै खाद्यान्न खरिद गर्नुपर्ने अवस्थाबारे पनि जानकारी दिए ।

**४.६.३ आवासको क्षेत्रमा विप्रेषणको प्रयोग**

विप्रेषणको प्रयोग सामाजिक प्रतिष्ठा कायम गर्न भइरहेको छ वा छैन भनी बुझ्न र त्यसलाई विश्लेषण गर्न वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले पठाएको विप्रेषण उनीहरूका घरका सदस्य वा उनीहरू स्वयम् बसोबास गर्ने आवासका क्षेत्रमा के कति मात्रामा प्रयोग भइरहेको छ भनी बुझ्न आवाससँग सम्बन्धित केही प्रश्नहरू राखिएको थियो ।

नियमित रुपमा बसोबास गर्दै आएका केहि सदस्यहरूका विप्रेषण भित्रनु पूर्व र भित्रिएपछि घरको अवस्थामा कुनै परिवर्तन आएको देखिँदैन भने अधिकांश भन्दा बढी उत्तरदाताहरूको भौतिक संरचनामा यावत् परिवर्तन आएको देखिन्छ । विगत लामो समयदेखि नै पुर्ख्यौली घरमा बस्दै आएता पनि उक्त घरको संरचना परिवर्तन गर्ने सुविधायुक्त सयन कक्षहरु निर्माण गर्ने जस्ता भौतिक संरचनाको परिवर्तन भएको पाइन्छ ।

त्यस्तै केहि उत्तरदाताहरुको आवासको अवस्थालाई हेर्दा ठाउँमा जमिन खरिद गरी घर बनाउने सजाउने आवश्यकता भन्दा बढी मात्रामा सयनकक्ष, भान्साकोठा आदि निर्माण गर्ने, भान्साकोठाको प्रयोगमा अत्याधिक मात्रामा विलाशितायुक्त वस्तुहरू खरिद गर्ने जस्ता क्रियाकलापहरूले विप्रेषणको प्रयोगलाई उपभोगमुखी बनाएको देखिन्छ । जति उपभोग र विलाशिताका क्षेत्रमा विप्रेषण प्रयोग गरियो त्यति समाजमा आर्थिक हैसियत माथि रहने र समाजले प्रतिष्ठित व्यक्ति मान्नका साथै इजजत पनि हुने कुराले गर्दा आवासलाई आधारभूत आवश्यकता मात्र सिमित नगरी विलाशितापूर्ण आवासको क्षेत्र निर्माण गर्न विप्रेषणको अत्याधिक प्रयोग भइरहेको पाइन्छ ।

आवासको क्षेत्रमा विप्रेषणको प्रयोग र त्यसले कायम गर्ने कथित सामाजिक प्रतिष्ठालाई बुझ्न के के संरचनाहरूमा परिवर्तन आयो त्यसको कारण के हो ? भनी प्रश्न गर्दा एक उत्तरदाताको उत्तर यस्तो पाइयो ।

*"के गर्ने खासै कमाउन त,,,,सकिएन अलिकति कमाएको पैसाले जग्गा किनियो, त्यसैमा घर बनाइयो अब घर पनि त हेर्न हुने नै बनाउनु पऱ्यो, यसो मान्छे आउँदा कस्तो गोठमा बसेका भन्ने त हुनु भएन नि.... त्यहि भएर मार्बल लगाएर एक स्लूयाबको घर बनाएको यसो १/२ वटा कोठा पाहुनाको लागि पनि चाहिहाल्यो गर्दा गर्दै ३०/३५ लाख त घर बनाउँदै सकिएछ ।"*

उपरोक्त कथनलाई हेर्दा आवश्यकताभन्दा बढी सामाजिक प्रतिष्ठा कायम राख्ने उद्देश्यलाई पूर्णता दिन आवासको क्षेत्र निर्माण गर्ने गरेको देखिन्छ । यो कुनै एक उत्तरदाताको मात्र नभएर वैदेशिक रोजगारबाट विप्रेषण प्राप्त गर्ने अधिकांश घरपरिवारको अवस्था यस्तै किसिमको रहेको देखिन्छ ।

**४.६.४ स्वास्थ क्षेत्रमा विप्रेषणको प्रयोग**

स्वास्थ्य क्षेत्रको विश्लेषण गर्दा वैदेशिक रोजगारबाट प्राप्त भएको विप्रेषणको प्रयोग आधारभूत आवश्यकता अन्तर्गत स्वास्थ क्षेत्रमा खर्च गर्दा पनि प्राथमिक र द्वितीय आधारभूत आवश्यकतालाई ध्यानमा राखी के कसरी खर्च भएको छ भनी अध्ययन गरिएको थियो । जसअन्तर्गत उक्त घरपरिवारमा आइपरेका स्वास्थ्य समस्याहरूको समाधान गर्न के कस्ता अस्पताल प्रयोग गरिन्छ, कस्ता कक्षहरूमा भर्ना भएर बसिन्छ र त्यसको कारण के हो भनी बुझ्न खोजिएको थियो । सामान्य समस्या भएमा पनि उच्च स्तरिय अस्पतालहरूको प्रयोग गर्ने र जटिल अवस्थामा पनि सामान्य अस्पतालको प्रयोग गर्ने अवस्थालाई हेरी विप्रेषणको प्रयोगले आधारभूत आवश्यकता पूरा गर्ने क्रममा कसरी प्रतिष्ठा कायम राख्न मद्दत गरिरहेको छ भनी बुझ्न सकिन्छ ।

सामान्यतया जुनसुकै घरपरिवारमा पनि स्वास्थ्य समस्या आइपरेकै देखिन्छ । रुघाखोकी, ज्वरो, पेट दुख्ने, खाना नरूच्ने, सामान्य समस्या अन्तर्गत राखिएको थियो भने त्यो भन्दा बढी निमोनिया, टाइफाइड। क्यान्सर, अल्सर आदि रोगहरूलाई जटिल स्वास्थ समस्यामा राखिएको थियो । सामान्यतया १/२ दिनमा ठिक हुने रोग र ५/७ दिन वा सो भन्दा बढी लाग्ने रोगको प्रकृति हेरी के कस्ता अस्पतालको प्रयोग गरिन्छ भनी स्पष्ट पारिएको थियो ।

अध्ययनको क्रममा सामान्य रोग लाग्दा पनि B & C, विर्ता सिटी जस्ता झापाका उच्च स्तरिय निजी अस्पताल जानेको संख्या पनि बढेकै देखिन्छ भने जटिल रोग लाग्दा त उच्च स्तरिय अस्पताल चयन गर्नु बाध्यात्मक अवस्था पनि हुन आउँछ ।

सामान्य उपचारको लागि कस्ता अस्पतालको प्रयोग गर्नुहुन्छ र किन भनी सोधिएको प्रश्नमा प्राप्त विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तलिका नं. : १२ **सामान्य उपचारका लागि प्रयोग हुने अस्पतालको विवरण :**

| अस्पतालको प्रकृति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| सामान्य भौतिक सुविधा भएको | २८ | ५६% |
| अत्याधिक भौतिक सुविधा भएको | २२ | ४४% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

माथिको तालिकालाई अध्ययन गर्दा सामान्य रोग जस्तै : जलवायु परिवर्तनको समयमा लाग्ने रुघाखोकि, ज्वरो आदिको अवस्थामा कस्तो अस्पतालको प्रयोग हुन्छ भनी हेर्दा सामान्य भौतिक सुविधा भएको अस्पताल प्रयोग गर्ने ५६% देखियो भने अत्याधिक भौतिक सुविधा भएको अस्पताल प्रयोग गर्नेको प्रतिशत ४४% देखियो ।

वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण घरायसी खर्च लगायत शिक्षा, आवास, खाद्यान्न आदिमा प्रयोग गर्दा गर्दै पनि स्वास्थ क्षेत्रमा पनि प्रयोग गर्नैपर्ने बाध्यताले गर्दा सामान्य भौतिक सुविधा भएकै अस्पताल प्रयोग गर्नेको संख्या बढी देखिन्छ । तथापि अत्याधिक भौतिक सुविधा भएको अस्पताल प्रयोग गर्नेको संख्या पनि खासै कम भएको चाहिँ छैन ।

माथिको विश्लेषणलाई आधार बनाएर हेर्दा विप्रेषणको प्रयोग उपभोग अन्तर्गत स्वास्थ्यको क्षेत्रमा भइरहेको स्पष्ट देख्न सकिन्छ । त्यसभित्र पनि अनावश्यक रुपमा आधारभूत आवश्यकतालाई अगाडि राखेर विलाशीतापूर्ण स्वास्थ सेवा प्राप्त गर्ने होडबाजीको क्रम बढ्दो देखिन्छ । जसको प्रमुख कारण स्वास्थको ख्याल राख्नु मात्र नभएर सामान्य रोग लाग्दा पनि उच्च स्तरिय अस्पतालको प्रयोग गर्दा समाजको नजरमा स्तरिय देखिने अभिदम्भ रहेको पाइन्छ । जसले समाजमा आफ्नो इजजत केहि हदसम्म माथि उठाउन मद्दत गर्ने विचार पाइन्छ । त्यसैले स्वास्थ आधारभूत आवश्यकता भएपनि स्वास्थको ख्याल राख्न प्रयोग गरिने विप्रेषण सामाजिक प्रतिष्ठा कायम राख्न केहि हदसम्म जोडिएको पाइन्छ ।

### ४.६.५ लत्ताकपडाको क्षेत्रमा विप्रेषणको प्रयोग

विप्रेषणको प्रयोगलाई विभिन्न क्षेत्रमा राखेर अध्ययन गर्न सकिन्छ । जसअन्तर्गत लत्ताकपडामा भएको प्रयोगलाई साधारणतया आधारभूत आवश्यकताको रुपमा बुझ्ने गरेको पाइन्छ । तथापि यस अध्ययनले यस क्षेत्रभित्र पनि विप्रेषणले कसरी प्रतिष्ठा कायम राख्न मद्दत गरिरहेको छ भनी स्पष्ट पार्न खोजेको छ ।

लत्ताकपडा आवश्यकताअनुसार खरिद गर्नु आधारभूत आवश्यकता अन्तर्गत पर्दछ । तर आवश्यकता भन्दा बढी मात्रामा खरिद गर्नु र सामान्य मूल्य पर्ने कपडा प्रयोग गर्नुको साटो सामाजिक रुपमा अब्बल देखिन अत्याधिक मूल्य पर्ने लत्ताकपडाको प्रयोग गर्नुले विप्रेषण सामाजिक प्रतिष्ठा कायम राख्न प्रयोग भएको देख्न सकिन्छ ।

वैदेशिक रोजगारबाट प्राप्त भएको रकमले लत्ताकपडाको क्षेत्र अर्न्तगत रहेर के कसरी आधारभूत आवश्यकता परिपूर्ति गरिरहेको छ भनी बुझ्न उत्तरदाताहरूलाई उनीहरूको घरपरिवारमा प्रयोग गरिने पहिरन र त्यसको मूल्य बारे जानकारी लिइएको थियो । जसअन्तर्गत सामान्य घर बस्दा लगाउने कपडा बाहिर जाँदा लगाउने कपडा विवाह, सामुहिक भेला वा चाडपर्व र घुम्न जाँदा लाउने कपडाहरूको बारेमा व्याख्यात्मक रुपमा उत्तर मागिएको थियो । जसमा एक महिला उत्तरदाताको उत्तर यस्तो थियो ।

*"म घर बस्दा त सामान्य कुर्था सुरुवाल वा सजिलो म्याक्सीहरू नै लाएर बस्छु । छोराछोरीहरू आफ्नै इच्छाले लगाउँछन् । बाहिर जाँदा वा चाडपर्व, सामुहिक भेलामा चैं सारी चोलो लगाउने गरेको छु । अस्ति छिमेकीको छोराको विहे थियो । सारी नै लाएर गएँ । ठ्याक्कै त्यसको २ दिन अगाडि मात्र ६००० मा एउटा सारी ल्याएकी थिए सारै राम्रो काम दियो ।"*

सामान्य रुपमा हेर्दा १०००/१५०० सम्ममा आधारभूत आवश्यकता पूरा गर्ने सारी पाइने ठाउँमा उक्त क्षेत्रको महिलाहरू ५०००/६००० सम्मको कपडा प्रयोग गर्दछन् । महिला मात्र नभएर पुरुषहरु पनि कोट पेन्ट सर्ट, घुम्न जाँदा, जकर्स ट्र्याक सुट, हाफ पाइन्ट आदि जस्ता कपडाहरु प्रयोग गर्दछन् । घुम्न जाँदा छुट्टै, विवाह/पार्टीमा छुट्टै, चाडपर्वमा छुट्टै प्रकृतिको लत्ताकपडाको प्रयोगले पनि आधारभूत आवश्यकता परिपूर्ति नभएर विलाशिता र इज्जत बढाउन लत्ताकपडाको प्रयोग गर्ने परिपाटी बढ्दो देखिन्छ । जसमा अत्याधिक मात्रामाा विप्रेषणको प्रयोग भइरहेको कुरा अवगत नै छ ।

त्यसैले लत्ताकपडाको क्षेत्रमा विप्रेषणको प्रयोग हुनु आधारभूत आवश्यकता जस्तो देखिए पनि उक्त आवश्यकताको आडमा बढी मूल्य पर्ने लत्ताकपडाको प्रयोग हरेक दिन हरेक ठाउँमा फरक फरक पहिरन, चाडवाड विवाह/व्रतवन्ध आदि जस्ता कार्यक्रमहरुमा पहिरनको प्रतिस्पर्धा (कसको बढी महङ्गो) जस्ता कुराहरुले विप्रेषणको प्रयोग आधारभूत आवश्यकता भित्र पनि सामाजिक इजजत/प्रतिष्ठा कायम राख्न वा त्यसलाई बढाउन तत्पर रहेको देखिन्छ ।

### ४.६.६ शिक्षाको क्षेत्रमा विप्रेषणको प्रयोग

वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण प्रयोग हुने अर्को महत्वपूर्ण क्षेत्रको रुपमा शिक्षा क्षेत्र रहेको छ । जस्तोसुकै गरिबी वा दुःखमा जीवनयापन गरिरहेको परिवार भएपनि एक छाक नखाएर भएपनि छोराछोरीलाई राम्रो शिक्षा दिन पाइयोस् भन्ने विचार शिक्षित वा अशिक्षित जस्तो परिवार भएपनि पाइन्छ । जसले गर्दा विदेश गएर कमाएको पैसा छोराछोरीको शिक्षाको क्षेत्रमा व्यापक रुपले प्रयोग भइरहेको अवस्थालाई स्पष्ट देख्न सकिन्छ ।

तर यस अध्ययनले शिक्षाको क्षेत्रमा प्रयोग भएको विप्रेषण पनि कसरी सामाजिक प्रतिष्ठासँग जोडिएको छ भनी स्पष्ट पार्न खोजेको छ । आजभोलीको समाज शिक्षामा भन्दा बढी शिक्षा प्रदान गर्ने विद्यालयहरुको भौतिक संरचना र बनावट प्रति बढी आकर्षित भएको देखिन्छ । ठूला ठूला भवन, कक्षाकोठा, गाडी, ड्रेस आदि जस्ता कुरामा मोहित हुनुका साथै त्यस्ता विद्यालयमा छोराछोरीलाई पठाउन पाए समाजको हेर्ने दृष्टिकोण पनि सकारात्मक हुने इजजत बढी पाइने आशामा शिक्षालाई भन्दा भौतिक संरचनालाई प्राथमिकता दिई विद्यालय भर्ना गर्ने प्रवृत्ति बढ्दो छ ।

सरकारी र निजी विद्यालयको तुलनामा सरकारी विद्यालयले भौतिक संरचनामा खासै महत्व राखेको पाइँदैन । तर निजी विद्यालयहरु त्यस्ता कुरामा ज्यादै अगाडि देखिन्छन् । जसले गर्दा गरिब, दुःखी घरपरिवारका सदस्यहरुले पनि खाईनखाई निजी विद्यालय पठाउने गरेको पाइन्छ । तर शैक्षिक अवस्थालाई हेर्दा सरकारी र निजी दुवै विद्यालयमा खासै फरक भने नपाइएको विभिनन अध्ययनहरुले पनि देखाएका छन् ।

शिक्षाको स्तर नभएर भौतिक संरचनालाई मान्यता दिई त्यस्ता संरचना पर्याप्त भएको विद्यालयहरुमा छोराछोरी पठाउँदा समाजले हेर्ने नजरमा पनि फरक पर्ने, सबैका छोराछोरी राम्रो (कथित) विद्यालय जाँदा हाम्रो किन नजाने भन्ने मान्यताले गर्दा विप्रेषणको प्रयोग शिक्षाको क्षेत्रमा पनि प्रतिष्ठासँग जोडिएर आएको पाइन्छ । निजी विद्यालयहरुमा शुल्क ज्यादा भएपनि त्यस्तै विद्यालय खोजी खोजी छोराछोरी भर्ना गर्ने प्रवृत्तिले विप्रेषणको शिक्षाको क्षेत्रमा भएको प्रयोगलाई पनि सामाजिक प्रतिष्ठा र इजजत कमाउने माध्यमको रुपमा प्रष्ट्याएको छ ।

विद्यालय जाने बच्चाहरु सरकारी वा निजी विद्यालय जान्छन् भनी गरिएको प्रश्नमा प्राप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. : १३ **शिक्षा प्राप्तिका लागि चयन गरिने विद्यालयको प्रकृति :**

| विद्यालय | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ८ | १६% |
| निजी | ४२ | ८४% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

उपरोक्त विषयमा छलफल गर्दा सरकारी विद्यालय पठाउने घरपरिवारको संख्या ८ (१६%) रहेको छ भने निजी विद्यालय पठाउने घरपरिवार संख्या ४२ (८४%) रहेको पाइन्छ । यसबाट स्पष्ट देख्न सकिन्छ कि आजभोली सरकारी भन्दा निजी विद्यालयहरुको माग बढिरहेको छ ।

सरकारी विद्यालय पठाउने १६% परिवारसँग त्यहाँ पठाउनुको कारण सोध्दा आर्थिक स्थिति कमजोर भएको र जस्तोसुकै विद्यालय भएपनि शिक्षा उस्तै हुने विचार रहेको पाइयो । त्यस्तै निजी विद्यालय पठाउने घरपरिवारलाई त्यहाँ पठाउने कारण सोध्दा शिक्षा राम्रै दिनुपर्छ, निजी विद्यालयमा पठाउँदा आउने जाने यातायातको व्यवस्था हुन्छ, खाजाको व्यवस्था हुन्छ, खेल्ने कुद्ने मनोरञ्जनात्मक क्रियाकलाप प्रशस्त हुन्छ, सबैको छोराछोरी बोर्डिङ स्कुल जाँदा हाम्रा चैँ किन नजाने हामी उनीहरुभन्दा के कम आदि जस्ता विचारहरुले प्रभुत्व जमाएको पाइन्छ ।

समग्रमा हेर्दा शिक्षा प्राप्त गर्ने बहानामा छोराछोरीलाई अत्याधिक भौतिक सुविधा भएको विद्यालय पठाउन पाए समाजमा अरुभन्दा कम नभइने सबैले इजजत गर्ने कथित प्रतिष्ठा बढ्ने विचारले गर्दा विदेशबाट प्राप्त भएको विप्रेषण अत्याधिक मात्रामा शिक्षाको क्षेत्रमा पनि प्रतिष्ठा कायम राख्नमा भइरहेको छ भनी यस अध्ययनको केहि प्रश्नहरुबाट प्राप्त उत्तरले प्रष्ट्याउने प्रयास गरेको छ ।

## ४.७ अन्य क्षेत्रमा विप्रेषणको प्रयोग

विप्रेषणको प्रयोग आधारभूत आवश्यकता परिपूर्ति गर्न प्रमुख देखिएता पनि आवश्यकता परिपूर्ति सँगै अन्य क्षेत्रमा पनि व्यापक प्रयोग भएको पाइन्छ । अन्य क्षेत्र भन्नाले सवारी साधनको प्रयोग, घरायसी आधुनिक विद्युतीय उपकरणहरु, गरगहना जस्ता वस्तुहरु, धार्मिक कार्य, मनोरञ्जन आदि क्षेत्रहरुलाई बुझिन्छ ।

नेपाली समाजमा बढ्दो आधुनिकीकरण सँगै वस्तु तथा सेवाको प्रयोगलाई पनि सरल र सहज बनाउने आधुनिक प्रविधिहरु बजारमा सर्वत्र उपलब्ध भएको पाइन्छ । जस्तै उदाहरणका लागि मोबाइल फोनलाई लिन सकिन्छ । कार्य सहजताको लागि मोबाइल फोन आवश्यक वस्तुभित्र पर्दछ । तर प्रविधिको विकाससँगै त्यस्ता यन्त्रहरु थप परिस्कृत र अत्याधुनिक बन्दै गइरहेका छन् । वैदेशिक रोजगारबाट भित्रिएको विप्रेषण त्यस्ता वस्तुहरु खरिद गर्न पनि प्रयोग भइरहेको पाइन्छ । तर ८ देखि १० हजार सम्ममा साधारणतया प्रयोग गर्न सकिने मोबाइल बजारमा उपलब्ध हुँदाहुँदै आवश्यकताहलाई आधार बनाएर विलाशितापूर्ण जीवन बिताउन र समाजमा देखाउनकै लागि भएपनि ३०/३५ हजार देखि १/२ लाखसम्मको मोबाइल प्रयोग गर्ने प्रवृत्ति बढ्दो छ ।

माथि व्याख्या गरिएको कुराहरुलाई नै आधार बनाएर यस अध्ययनले त्यस्ता विद्युतीय सामान मात्र नभएर धार्मिक क्रियाकलाप, गरगहना खरिद मनोरञ्जन जस्ता विभिन्न क्षेत्रमा आवश्यकताको आडमा गरिएको विप्रेषणको प्रयोगको प्रमुख आधार आवश्यकता मात्र नभएर प्रतिष्ठा कायम गर्नु पनि मुख्य रहेको देखाउन खोजेको छ । अध्ययनको क्रममा सम्पूर्ण घरपरिवारलाई विप्रेषण प्रयोगको अन्य क्षेत्र अन्तर्गतका विभिन्न प्रश्नहरु राखिएको थियो । जसको उत्तरबाट आवश्यकता र विलाशिता बीचको फरक केलाएर विलाशितापूर्ण जीवनयापन गर्ने उद्देश्य सामाजिक प्रतिष्ठा कायम गर्ने आधार हो भनी प्रष्ट पार्न सकिन्छ ।

### ४.७.१ सवारी साधन :-

अध्ययनको क्रममा अन्य क्षेत्र अन्तर्गत सर्वप्रथम बाहिर जाँदा प्रयोग गरिने सवारी साधन बारे बुझ्न खोजिएको थियो । आफ्नै सवारी साधन जस्तै : मोटरसाइकल, गाडी आदि भएको वा सार्वजनिक सवारी साधन जस्तै : टेम्पो, रिक्सा, ट्याक्सी, बस आदिको प्रयोग गर्नुहुन्छ भनी प्रश्न गर्दा उत्तरदाताहरुले दिएको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. : १४ **प्रयोग गर्ने सवारी साधनको प्रकृति :**

| सवारी साधन | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| नीजी | ३८ | ७६% |
| सार्वजनिक | १२ | २४% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

दिएको तालिका अध्ययन गर्दा आफ्नो निजी सवारी साधन हुने घरपरिवारको संख्या ३८ (७६%) रहेको देखिन्छ भने आफ्नो निजी सवारी साधन नभएको र काम पर्दा सार्वजनिक यातायातका साधनहरु प्रयोग गर्ने घरपरिवारको संख्या १२ (२४%) देखिन्छ । अधिकांश भन्दा बढी घरपरिवारमा आफ्नै निजी साधन रहेको पाइन्छ ।

निजी सवारी साधन भएका घरपरिवारमा प्रायः सबैको घरमा मोटरसाइकल रहेको पाइयो भने कसैकसैको घरमा सिटी सफारी रहेको पाइयो । मोटरसाइकल हुनेहरुले कुन कम्पनीको कति मूल्य पर्ने बाइकको प्रयोग गर्दछन् भनी बुझ्दा धेरै घरपरिवारमा ३/५लाख सम्म पर्ने बाइक रहेको पाइन्छ । त्यस्तै केहि घरपरिवारमा १/२ लाखसम्मको साधन रहेको देखियो । उक्त साधनको प्रयोग सँगै त्यसको मर्मत सम्भारमा पनि अत्याधिक खर्च हुने विचार निजी सवारी साधन भएका उत्तरदाताहरुको पाइन्छ ।

त्यस्तै सार्वजनिक साधनको प्रयोग गर्ने घरपरिवारलाई बुझ्दा उनीहरुले प्रायः बस वा सफारी, ट्याक्सी आदिको प्रयोग गर्ने गरेको पाइन्छ । उक्त साधनहरु प्रयोग गर्नुको कारण आर्थिक अवस्था कमजोर भएर निजी सवारी साधन खरिद गर्न नसकेको बताइएको थियो ।

यसबाट देख्न सकिन्छ कि विप्रेषण आवश्यकता अनुसारको सवारी साधन खरिदमा भन्दा पनि कसले कति महङ्गो सवारी साधन चढ्न सक्छ भन्ने प्रतिस्पर्धा तर्फ बढी प्रयोग भएको पाइन्छ । जसले गर्दा समाजमा राम्रो देखिने

साथीभाइले आहा... भन्ने, इजजत दिने आदि आशामा महङ्गा सवारी साधन खरिद गरी प्रयोग गर्नाले विप्रेषणको प्रयोग सवारी साधनको प्रयोगमा पनि सामाजिक प्रतिष्ठासँग जोडिएको स्पष्ट रुपले देख्न सकिन्छ ।

सामान्य लागत मूल्य पर्ने सवारी साधन बाहेक बढी मूल्य पर्ने (३००००० भन्दा माथि) साधन भएका उत्तरदाताहरुलाई उक्त साधन नै प्रयोग गर्नुको कारणबारे सोध्दा एक उत्तरदाताको जवाफ यस्तो थियो ।

*"खासै महँगो त होइन र पनि बजारमा चलेकै बाइक किनौँन, आफूलाई पनि चढ्न मन लागेको साथीभाइले देख्दा पनि यसो राम्रै गाडी चढेछ भन्ने होस् न ... टाढाको बाटो नि हिँड्न सकिन्छ, २/४ दिनको जिन्दगीमा रहर पूरा गरौँ भनेर नि...."*

आवश्यकता भन्दा बढी रहर र साथीभाइ आफन्त, समाज आदिको नजरमा राम्रो देखिने उद्देश्यले महँगा महँगा निजी साधनको प्रयोग गर्ने गरेको पाइन्छ । वैदेशिक रोजगारबाट छुट्टिमा घर आएर २/४ महिना रहुन्जेलसम्म ल्याएको पैसाबाट बाइक किन्ने घुम्ने र जाने बेला सस्तो मूल्यमा बिक्री गर्ने गरको देखिन्छ । जसले गर्दा विप्रेषण उत्पादनमूलक क्षेत्रमा प्रयोग हुन नसकी प्रतिष्ठा जोगाउने क्षेत्रमा बढि प्रयोग भएको छ भन्न सकिन्छ ।

**४.७.२ आधुनिक प्रविधिका घरायसी सामान :-**

आजको समाज आधुनिक प्रविधिमा सञ्चालित भइरहेको छ । जसअन्तर्गत मानिसले गर्ने हरेक क्रियाकलापहरुमा प्रविधिको प्रयोग व्याप्त रहेको पाइन्छ । घरायसी कामकाज देखि लिएर अन्य जुनसुकै काम पनि मानिसले छिटो छरितो र सहजै गर्न सक्ने प्रविधि प्रयोग गरी कार्य सम्पादन गर्न खोज्छन् । साधारण घरपरिवारभित्रका मानिसहरुले पनि सहजता र सरलताको लागि मात्र नभएर समाजलाई देखाउने, आफन्त इष्टमित्रको नजरमा विलाशी जीवनयापन गर्ने उद्देश्यले पनि शारीरिक रुपमा गर्न सक्ने कार्य गर्न प्रविधि कै प्रयोग गरिरहेका पाइन्छ ।

यस अध्ययनले वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको प्रयोग भएको विभिन्न क्षेत्रहरुमध्ये घरमा प्रयोग गरिने टेलिभिजन, मोबाइल, ल्यापटप, ट्याब, फ्रीज, A.C., washing machine आदि जस्ता घरायसी सामानमा भएको प्रयोगको उद्देश्यबारे बुझ्न उत्तरदाताहरु समक्ष केहि प्रश्नहरु राखेको थियो ।

उक्त प्रश्नहरुले ती घरपरिवारले प्रयोग गर्ने सरसामान र त्यसका मूल्य र ती सामानहरु प्रयोग गर्नुको उद्देश्य बारे आ-आफ्नो विचार व्यक्त गरेका थिए ।

प्रायः आवश्यकताको रुपमा टि.भी., मोबाइल, ल्यापटप, फ्रीज आदिको प्रयोग गरिन्छ । तथापि दैनिक उपभोग्य वस्तुहरु छाना, खाना र नाना पनि पुऱ्याउन कठिन भइरहेको बेला गरिबीले थिचेर वैदेशिक रोजगारमा लाग्ने घरपरिकारका सदस्यले पठाएको विप्रेषणबाट त्यस्ता आधुनिक प्रविधि त्यो पनि सामान्य भन्दा बढी मूल्य पर्ने वस्तुहरुको प्रयोग गर्नु खासै उपयुक्त नभएको देखिन्छ । अध्ययनको क्रममा सामान्य बजार मूल्य १५००० पर्ने टेलिभिजन खरिद गर्दा आवश्यकता पूरा हुने ठाउँमा ३५०००/४०००० सम्मको टि.भी. खरिद गर्ने, १०/१५ हजारको मोबाइलले आवश्यकता पूरा भएपनि १/१.५ लाख सम्मको मोवाइल खरिद गर्ने आदि क्रियाकलापहरु गरेको पाइन्छ ।

सो कार्य गर्नुको उद्देश्य भनेको आवश्यकता पूर्ति मात्र नभएर समाजमा अरुले के गरेका छन् कसरी गरेका छन् सोही अनुरुप आफूले पनि गर्न खोज्नु र उनीहरुसँग बराबर भौतिक संरचना निर्माण भएमा मात्र उनीहरुको अगाडि आफ्नो इज्जत कायम हुने र सामाजिक प्रतिष्ठा बढ्ने सोच राख्नु रहेको पाइन्छ । फलस्वरुप आफ्नो वास्तविक क्षमताभन्दा बढी भौतिक सुविधा प्रयोग गर्न खोज्नु र विप्रेषणको प्रयोग सोही वस्तुहरु खरिद गर्नमा प्रयोग गर्नुले वैदेशिक रोजगारबाट प्राप्त भएको विप्रेषण सामाजिक प्रतिष्ठा कायम राख्न र त्यसलाई व्यवस्थापन गर्न भइरहेको छ भनी विश्लेषण गर्न सकिन्छ ।

### ४.७.३ गरगहनाको खरिदमा विप्रेषणको प्रयोग :-

सामाजिक प्रतिष्ठा जोडिएको अर्को महत्वपूर्ण क्षेत्र गरगहना (सुन, चाँदी, हिरा, मोती आदि) को प्रयोग रहेको पाइन्छ । वर्तमान समाजमा जसले जति बढी सुन चाँदी लगाएर प्रदर्शन गर्न सक्दछ उसलाई समाजले पनि स्तर उन्नतिको दृष्टिकोणमा राख्दछ ।

सामाजिक कार्यहरुदेखि लिएर धार्मिक कार्यक्रमहरुमा होस् वा विभिन्न चाडपर्वहरुमा जसले अत्याधिक गरगहना पहिरन गर्दछ उसलाई अन्य व्यक्तिहरुले प्रशंसा गर्ने आर्थिक रुपमा सक्षम ठान्ने प्रवृत्तिले गर्दा मानिसहरुले गरगहनाको प्रयोगलाई बढी महत्व दिएको पाइन्छ ।

यस अध्ययनले वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण त्यस्ता गरगहनाको खरिदमा प्रयोग भइरहेको कुरालाई प्रष्ट्याउन खोजेको छ । जसको प्रमुख उद्देश्य ती वस्तुहरुको प्रयोग आवश्यकता नभएर सामाजिक प्रतिष्ठा कायम राख्न गरिएको खर्च हो भनी निर्माण गरिएको परिकल्पनालाई प्रमाणित गर्नु रहेको छ ।

अध्ययनको क्रममा उत्तरदाताहरुलाई गरगहना प्रति समाजको र आफ्नो व्यक्तिगत रुचिका सम्बन्धमा, गरगहना खरिद गर्नु र खरिद गर्नुको उद्देश्य त्यसको प्रयोग गर्ने कारणबारे विभिन्न प्रश्नहरु सोधिएको थियो । जसबाट प्राप्त उत्तरहरुको आधारमा विप्रेषणको प्रयोग सामाजिक प्रतिष्ठाका कायम राख्न गरगहना खरिद गरिन्छ वा गरिन्दैंन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

विप्रेषणको प्रयोग गरी गरगहना खरिद गर्ने वा नगर्ने सम्बन्धमा प्राप्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. : १५ **गरगहना खरिद गर्ने र नगर्ने परिवार विवरण :**

| खरिद गरेको अवस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| छ | ४४ | ८८% |
| छैन | ६ | १२% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गर्दा गरगहना खरिद गर्ने घरपरिवारको संख्या ४४ (८८%) रहेको छ भने नगर्ने घरपरिवारको संख्या ६ (१२%) रहेको छ । गरगहना खरिद नगर्ने भन्दा गर्ने घरपरिवार संख्या बढी देखिन्छ । गरगहना प्रतिको रुचि अत्याधिक मात्रामा बढेको यस तथ्याङ्कबाट स्पष्ट पार्न सकिन्छ ।

खरिद गर्ने घरपरिवारलाई त्यस्त वस्तुहरु खरिद गर्नुको उद्देश्य बारे बुझ्दा धेरैको आशय समाजलाई देखाउन र देखासेखी गर्न प्रयोग गर्ने गरेको पाइयो भने केहिको आशय अचल सम्पत्ति जोड्ने, त्यस्ता वस्तुको बजार भाउ नघट्ने भएकाले बचतको रुपमा राख्न खरिद गर्ने गरेको पाइयो । त्यस्तै खरिद नगर्ने घरपरिवारले मन भएर पनि आर्थिक अवस्था कमजोर भएका कारण खरिद गर्न नसकेको, कसलाई त्यस क्षेत्रतर्फ रुची नै नभएको वताएका छन् ।

देखासेखी गर्न समाजमा इज्जत बढाउन प्रयोग गर्ने प्रवृत्तिलाई अझ स्पष्ट पार्न बाहिर जाँदा त्यस्ता गरगहना प्रयोग गर्न रुचाउने वा नरुचाउने भनी प्रश्न गर्दा प्राप्त विवरणलाई तल प्रस्तुत गरिएको छ ।

तालिका नं. : १६ **सामाजिक कार्यक्रममा वा बाहिर जाँदा गरगहनाको प्रयोग :**

| अवस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| प्रयोग गर्न रुचाउने | ४३ | ८६% |
| प्रयोग गर्न नरुचाउने | ७ | १४% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

( एउटै घरपरिवार भित्र पनि धेरै सदस्य रहने हुँदा २/३ भन्दा बढी सदस्यले रुचाएमा रुचाउने पक्षमा र २/३ भन्दा बढी सदस्यले नरुचाएमा नरुचाउने पक्षमा राखिएको छ । )

माथिको तालिकालाई हेर्दा गरगहनाको खरिद मात्र नभएर त्यसको प्रयोग गर्न पनि रुचाउने घरपरिवारको संख्या अत्याधिक रहेको देखिन्छ । समग्र घरपरिवार मध्ये ८६% घरपरिवार रुचाउने पक्षमा छन् भने केवल १४% घरपरिवार नरुचाउने पक्षमा रहेका छन् ।

बाहिर जाँदा गरगहना प्रयोग गर्नुको उद्देश्यबारे बुझ्दा राम्रो देखिन, सबैले प्रायः गरगहना प्रयोग गर्दा आफू किन उनीहरुभन्दा कमजोर हुने भन्ने विचार लगायत समाजले गर्ने व्यवहारमा पनि फरक पर्ने हुँदा गरगहना प्रयोग गर्न मन लाग्ने आशय उत्तरदाताहरुको रहेको छ ।

**४.७.४ धार्मीक क्षेत्रमा विप्रेषणको प्रयोग :-**

मानिस सामाजिक प्राणी हो । जन्मेदेखि मृत्यु पर्यन्त मानिस सामाजिक सम्बन्ध परम्परा, रीतिरिवाज आदि जस्ता सामाजिक जन्जालमा बेरिएर रहेको हुन्छ । त्यस्तै धार्मिक क्षेत्रमा पनि उत्तिकै लगाव रहेको हुन्छ । बच्चा जन्मिएदेखि लिएर मृत्यु पश्चातसम्म विभिन्न धार्मिक क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ । कुनै धर्ममा थोरै कार्यक्रम होलान् कुनैमा धेरै तर कुनै न कुनै रुपमा व्रतवन्ध, विवाह, काजकिरिया जस्ता क्रियाकलापहरु सञ्चालन गर्नु नै पर्ने हुन्छ ।

वर्तमान समाजमा आवश्यकता भन्दा बढी इज्जत जोगाउने बहानामा विप्रेषणको प्रयोग गरी धार्मिक क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइन्छ । अध्ययनको क्रममा उत्तरदाताहरुलाई "धार्मिक कार्य गर्दा कसरी गर्नुहुन्छ ? कति रुपैँया सम्म खर्च हुन्छ ?" भनी प्रश्नहरु राखिएको थियो । जसबाट प्राप्त उत्तर अनुसार साधारण कार्यक्रमहरु जस्तै - न्वारान, पास्नी आदिमा पनि न्यूनतम १० देखि २० हजारसम्म खर्च हुने गरेको पाइयो भने विवाह, व्रतवन्ध, काजकिरिया आदि जस्ता ठूला ठूला कार्यक्रमहरुमा कम्तीमा १/१.५ लाख देखि बढीमा १५/२० लाखसम्म खर्च हुने गरेको पाइयो । तर यी सबैको साझा खर्च भनेको भोजभतेर खुवाउनमा नै हुने खर्च प्रमुख देखियो । ग्रामीण क्षेत्रमा जे जस्तो कार्यक्रमहरु आयोजना गरेपनि घरका सीमित सदस्यहरु मात्र नभएर सम्पूर्ण गाउँलेलाई नै बोलाएर भोज खुवाउनु पर्ने अवस्था रहेको पाइन्छ । भोज खुवाउनाले खुसी, दुःख साटासाट हुने, इज्जत बढ्ने, जे गरे नि "धुमधाम" भव्य गर्नाले आफ्नो इज्जत समाजमा कायम रहने विचारले बढी खर्च गर्ने प्रवृत्ति बढ्दो छ । त्यस्तै पुराण लाउने सारा समाज भेला हुने नाच्ने गाउँने, खाने रमाइलो गर्ने जस्ता कार्यहरुले विप्रेषणको प्रयोग अनउत्पादक क्षेत्रमा प्रतिष्ठा कायम राख्न मात्र भइरहेको छ भनी व्याख्या गर्न सकिन्छ ।

### ४.७.५ मनोरञ्जनको क्षेत्रमा विप्रेषण प्रयोग :-

आधारभूत आवश्यकता पूरा गर्ने क्रममा विप्रेषणको प्रयोगलाई सामान्य उपभोग मार्फत् राखेर व्याख्या गरिएको छ । तर मानिसको जीवन जिउने क्रममा आवश्यकता परिपूर्तिसँगै मनोरञ्जनात्मक क्षेत्रहरुमा पनि आफ्नो आयको केहि हिस्सा खर्च गरिरहेको हुन्छ ।

यस अध्ययनले मनोरञ्जनको लागि गरिएको भ्रमण/घुमफिर, त्यसमा हुने खर्च र घुमफिर गर्नुको उद्देश्य जस्ता विभिन्न कुराहरुलाई आधारमा राखी विप्रेषणको प्रयोग सामाजिक प्रतिष्ठासँग जोडिएको छ वा छैन भनी हेर्न खोजेको थियो ।

उपरोक्त विषयमा थप व्याख्या र विश्लेषण गर्न उत्तरदाताहरुलाई विभिन्न प्रश्नहरु राखिएको थियो । जसबाट प्राप्त उत्तरहरुलाई आधार मानेर अध्ययनको परिकल्पनालाई साकार पार्न खाजिएको छ ।

तालिका नं. : १७ **घुमफिर प्रतिको रुचिको विवरण :**

| घुमफिर (भ्रमण) गर्न | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| मन पर्ने | ४० | ८०% |
| कसैलाई मन पर्ने कसैलाई मन नपर्ने ( एउटै परिवार भित्र ) | ८ | १६% |
| मन नपर्ने | २ | ४% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

दिएको तालिका अनुसार भ्रमण गर्न रुचि राख्ने घरपरिवार ४० (८०%) रहेको देखिन्छ भने परिवारका सदस्यभित्र पनि कसैलाई मन पर्ने कसैलाई मन नपर्नेमा ८ (१६%) घरपरिवार रहेका छन् । त्यस्तै भ्रमणमा खासै रुचि नभएका घरपपरिवार २ (४%) रहेका छन् ।

पर्यटन क्षेत्रका विकास सँगै आन्तरिक पर्यटनमा पनि वृद्धि भएको पाइन्छ । प्रायः सबै घरका सदस्यहरु घुमफिर गर्न रुचाउने प्रवृत्तिका छन् । तर यस अध्ययनले भ्रमण भन्दा पनि भ्रमणमा विप्रेषणको प्रयोग र त्यसमा जोडिएको सामाजिक प्रतिष्ठा बीचको सम्बन्धलाई प्रष्ट्याउन खोजेको छ ।

तालिका नं. : १८ **घुम्न जाने समयावधिको विवण :**

| समयावधि | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| सधैँजसो | १२ | २४% |
| कहिलेकाँहि | ३२ | ६४% |
| विरलै | ६ | १२% |
| जम्मा | ५० | १००% |

स्रोत : कार्यक्षेत्र सर्वेक्षण,२०७७

तालिकालाई हेर्दा सधैँजसो घुम्न जाने घरपरिवारको संख्या १२ (२४%) रहेको छ भने कहिलेकाँहि जानेको संख्या ३२ (६४%) रहेको छ। त्यस्तै विरलै मात्रामा जानेको संख्या ६ (१२%) रहेको छ। सधैँजसो भन्नाले महिनामा २ पटक वा सो भन्दा बढीलाई बुझिएको थियो भने कहिलेकाँहि भन्नाले २/३ महिनामा १ पटक भन्ने बुझिएको थियो। त्यस्तै विरलै मात्रामा भन्नाले १/२ वर्षमा १ पटक भन्ने बुझिएको थियो।

भ्रमणको समयावधि मात्र नभएर जाने ठाउँहरुको विषयमा बुझ्दा प्राय: सबैले विहान गएर बेलुका फर्कन सक्ने ठाउँ देखाएको पाइयो। जस्तै : कन्याम, दोमुखा, अन्तु आदि। तर कहिलेकाँहि १/२ दिनको यात्रामा पनि जाने गरेको पाइयो।

घुमफिरको क्रममा प्रयोग गरिने साधनहरुमा प्राय सबैले गाडी रिजर्भ गरेर लाने गरेको पाइन्छ। परिवारका सम्पूर्ण सदस्य रहन सक्ने भएकाले गाडी रिजर्भ गर्दा सहज हुने, यात्रामा कठिनाई नआउने, समाजले देख्दा नि अलिअलि भएनि इज्जत कायम हुने बहानामा विप्रेषणको प्रयोग भएको पाइन्छ।

## ४.८ समाजको प्रतिक्रिया :-

समग्रमा यसरी उपभोगका अन्य क्षेत्रहरुमा विप्रेषणको प्रयोग भइरहेको बेला उक्त घरपरिवारलाई अन्य व्यक्तिहरु जस्तै : छिमेकी, आफन्त, इष्टमित्र, साथीभाई आदिले दिने प्रतिक्रिया बारे बुझ्न खोजिएको थियो। जसमा बढी पैसा खर्च गऱ्यो गरेर आर्थिक रुपमा सबल भएपनि नभएपनि समाजमा देखाउन कै लागि भएपनि विलाशितापूर्ण जीवनयापन गर्नुपर्ने अवस्था देखिन्छ। राम्रो गाडी चढेमा इज्जत रहने, साथीभाईले सकारात्मक प्रतिक्रिया दिने हुने समाजमा इज्जत कायम राख्न पनि रहरले होस् वा बाध्यताले खर्च गर्नुपर्ने देखिन्छ। अनि मात्र सबैले इज्जत गर्छन् भन्ने विचार उत्तरदाताहरुबाट आएको पाइन्छ। केहि उत्तरदाताहरुलाई फेरि यसरी फजुल खर्च गर्नुभन्दा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु, व्यापार व्यवसाय गर्नु भन्ने व्यक्तिहरु पनि भेटिएको बताए। जसबाट यो स्पष्ट बुझिन्छ कि समाजले जे जस्तो प्रतिक्रिया दिएपनि व्यक्तिले समाजमा आफ्नो इज्जत कायम राख्न विप्रेषणको प्रयोग व्यापक रुपमा गरेको पाइन्छ।

# अध्याय - ५
# साराशं र निष्कर्ष

## ५.१ सारांश(Summary)

झापा मेचीनगर नगरपालिका वडा नं. ९ को क्षेत्रलाई कार्यक्षेत्र बनाई करिब ३ महिना जति समय लगाएर ५० घरपरिवारको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी यो अध्ययन तयार पारिएको छ ।जसमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण कसरी सामाजिक प्रतिष्ठा कायम राख्नमा प्रयोग भइरहेको छ भनी स्पष्ट पार्न खोजीएको छ ।

उद्देश्यमूलक नमुना छनौट विधिद्वारा वैदेशिक रोजगारमा रहेका घरपरिवारको छनौट गरी उनीहरुले प्राप्त गर्ने विप्रेषण प्रयोगको क्षेत्रहरुबारे जानकारी लिने र उक्त क्षेत्रहरुमा के कसरी प्रयोग भइरहेको छ, र सो क्षेत्रमा प्रयोग गर्नुको उद्देश्य के हो भनी बुझेर त्यसलाई सामाजिक प्रतिष्ठासँग जोडी यो अध्ययनलाई पूर्णता दिएको छ ।

समग्र अध्ययनको मूलभूत पक्षहरुलाई निम्नानुसार लिन सकिन्छ ।

- अध्ययनको क्रममा ३५-४४ वर्ष उमेर समूहका उत्तरदाताहरुको संख्या अधिक रहेको पाइन्छ । जसमा समग्र घरपरिवारको करिब ३६% उत्तरदाता यहि उमेर समूहमा रहेका छन् । अध्ययनमा पुरुषभन्दा बढी महिला उत्तरदाताहरु रहेका छन् । पुरुषहरु प्रायः वैदेशिक रोजगारमा रहने भएकाले महिला उत्तरदाताहरुको संख्या बढी भएको अध्ययनमा देखिएको छ ।
- उत्तरदाताको वैवाहिक स्थितिलाई हेर्दा ७०% विवाहित रहेका छन् भने ३०% अविवाहित रहेका छन् ।
- शैक्षिक स्तरको अवस्थालाई हेर्दा ५६% साक्षर उत्तरदाताहरु रहेका छन् भने ४४% निरक्षर उत्तरदाता रहेका छन् ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुले बढी मात्रामा कतार, मलेशिया, दुवै, कोरिया जस्ता देशहरु चयन गरिएको पाइन्छ । जान सजिलो, छिट्टै भिसा लाग्ने, सामाजिक सम्बन्ध (Social Network) राम्रो भएको, थोरै लागतले जान सकिने साक्षर भए मात्र पनि पुग्ने आदि भएकाले उक्त देशहरु चयन गरेको पाइन्छ ।
- वैदेशिक रोजगारबाट प्राप्त आयमा ४० देखि ५० हजारसम्म आय भएका घरपरिवार ३४% रहेका छन् भने ५१ ह्जार भन्दा माथि आय हुने घरपरिवार केवल १०% मात्र रहेको पाइन्छ ।
- विप्रेषण प्रयोगको क्षेत्रबारे बुझ्दा उपभोगको क्षेत्र प्रमुख पाइन्छ । जसमा ४०% भन्दा बढी उपभोगमा मात्र खर्च गर्ने घरपरिवार रहेका छन् भने उपभोग र बचत, उपभोग र व्यापार गर्नेको प्रतिशत क्रमशः २४% र १८% रहेको देखिन्छ ।

- उपभोगको क्षेत्र अन्तर्गत खाद्यान्नमा २ देखि ३ हजार खर्च गर्ने २०%, त्यस्तै ३ देखि ४ हजार खर्च गर्ने पनि २०% नै रहेका छन् भने १ देखि २ हजार मात्र खर्च गर्ने १०% रहेका छन् । सबैभन्दा बढी ५ हजार भन्दा माथि खर्च गर्ने ३८% रहेका छन् ।
- खाद्यान्नकै क्षेत्रमा मनोरञ्जनका लागि बाहिर खाना खान जाने ९२% घरपरिवार रहेका छन् भने नजाने मात्र ८% घरपरिवार रहेका छन् । जानेहरुमा प्रायः (महिनामा १/२ पटक) जानेको संख्या २६ (५२%) रहेको छ भने सधैंजसो (हप्तामा १ पटक) जाने ४०% रहेका छन् भने विरलै (५/६ महिनामा १ पटक) जाने ८% रहेका छन् ।
- बाहिर खाना खाँदा सामान्य होटल चयन गर्ने ४६% घरपरिवार रहेका छन् भने रेष्टुरेन्ट चयन गर्ने ५०% भन्दा बढी रहेका छन् । त्यस्तै तारे होटेल चयन गर्ने केवल ८% रहेका छन् ।
- विप्रेषणको प्रयोगको अर्को क्षेत्र अचल सम्पत्ति खरिदमा हेर्दा निजी जमिन हुने ८४% रहेका छन् भने नहुने घरपरिवार १६% मात्र रहेका छन् ।
- आवासको क्षेत्रमा विप्रेषणको प्रयोगलाई हेर्दा आवश्यकता भन्दा बढी कक्ष निर्माण गर्ने, घरको सुन्दरता बढाउन मार्बलहरुको प्रयोग गर्ने बढी मूल्य पर्ने painting हरु राखेर सजावट बढाउने विलाशितायुक्त सामानहरु खरिद गर्ने परिपाटी बढ्दो रहेको पाइन्छ । जसको मुख्य उद्देश्य आवश्यकता भन्दा बढी समाजमा इज्जत कायम राख्नु रहेको छ ।
- त्यस्तै स्वास्थ्य क्षेत्रमा पनि सामान्य विरामी रुघाखोकी लागेमा पनि अति महँगो अस्पतालहरु प्रयोग गर्ने गरेको तथ्याङ्कले देखाएको छ ।
- लत्ताकपडा खरिद गर्दा पनि आधुनिक समाज र पश्चिमीकरणको प्रतिनिधित्व गर्ने किसिमका कपडा प्रयोग गर्ने घर बस्दा बाहिर जाँदा, विवाहमा, धार्मिक कार्यमा फरक फरक पहिरन त्यसमा पनि अत्याधिक मूल्य पर्ने कपडाको प्रयोगले विप्रेषण उपभोगमुखी भएतापनि इज्जतसँग जोडिएर उपभोग भएको पाइन्छ ।
- शिक्षाको क्षेत्रमा सरकारी र निजी विद्यालय दुवैको शिक्षा समान भएपनि भौतिक संरचनाको आकर्षण र समाजमा अरुको अगाडि आफ्नो हैसियत देखाउने बहानामा निजी विद्यालयमा आफ्ना छोराछोरी भर्ना गर्ने ८४% घरपरिवार रहेका छन् भने सरकारी विद्यालयमा आफ्ना छोराछोरी पठाउने केवल १६% रहेका छन् ।
- आधारभूत आवश्यकतामा भन्दा अन्य क्षेत्रमा विप्रेषणको प्रयोग र त्यसले कायम गर्ने सामाजिक प्रतिष्ठा व्यापक देख्न सकिन्छ । सवारी साधनको प्रयोगलाई हेर्दा ५/६ लाखको मोटरसाइकल किन्ने देखि लिएर घरायसी सामाग्री टेलिभिजन, मोबाइल, ट्याब, ल्यापटप आदिको खरिदमा पनि अत्याधिक मूल्य खर्च गर्ने परिपाटी प्रशस्त देखिन्छ । त्यस्तै गरगहना खरिद गर्ने लगाउने र समाजलाई देखाउने उद्देश्यले त्यसमा पनि विप्रेषणको प्रयोग भइरहेको देखिन्छ । जसको प्रमुख उद्देश्य भनेको प्रतिष्ठा व्यवस्थापन नै हुन आउँछ । धार्मिक कार्यक्रमहरु सञ्चालन गर्दा गरिने तडकभडक देखि लिएर भ्रमणमा जाँदा प्रयोग गरिने सामाग्री,

रेष्टुरेन्ट, यातायात, होटेल आदिमा पनि प्रतिष्ठा जोगाउने । समाजमा आफू माथि हुने बहानामा व्यापक विप्रेषणको प्रयोग भएको पाइन्छ ।

समग्रमा हेर्दा आधारभूत आवश्यकता परिपूर्ति देखि लिएर विलाशितापूर्ण जीवनयापन गर्ने हरेक क्षेत्रमा विप्रेषणको प्रयोग भएको पाइन्छ । आधारभूत आवश्यकता कम लागतमा पूर्ति हुन सक्ने समयमा पनि समाजलाई देखाउन र समाजमा इज्जत जोगाउने बहानामा बढी मात्रामा खर्च गरी विलाशिता पूर्ण जीवन जिउने गर्नाले वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण अनउत्पादक क्षेत्रमा प्रयोग भइरहेको छ । मध्यम वर्गीय परिवारले समाजमा आफ्नो इज्जत (प्रतिष्ठा) कायम राख्न विप्रेषणको प्रयोग गर्नु रहर हो या बाध्यता त्यसको अध्ययन गर्न पुनः जरूरी देखिन्छ ।

## ५.२ निष्कर्ष ( Conclusion ) ::

मध्यम वर्गीय परिवारले आफ्नो इज्जत कायम राख्न अति आवश्यक तत्वको रुपमा अर्थतन्त्रलाई आधार बनाएको पाइन्छ । विगतका विभिन्न अध्ययनहरुलाई हेर्दा मध्यम वर्गीय परिवारले आफ्नो इज्जत कायम राख्न समाजको हरेक चुनौतीको सामना गर्नुपरेको देखिन्छ । जसमा "इज्जतको अर्थतन्त्र" अन्तर्गत प्रतिष्ठा कायम राख्न गर्नुपर्ने व्यवहारहरुमा उच्च वर्गमा पुग्ने प्रयास र निम्न वर्गमा झर्न नहुने प्रयासको बीचमा निर्माण भएको संघर्ष स्पष्ट देख्न सकिन्छ । यसैमा आधारित भएर मध्यम वर्गको आय प्रतिष्ठा कायम राख्न प्रयोग भएको छ भनी देखाउन सकिन्छ ।

"विप्रेषण" अर्थतन्त्रको एउटा महत्वपूर्ण आधार हो भन्न सकिन्छ । नेपालको कुल ग्राहस्थ उत्पादनमा (GDP) मा विप्रेषणले करिब ३०% भन्दा बढी हिस्सा ओगटेको छ । ( के.त.वि. २०६८ )

यस अध्ययनले उक्त विप्रेषण उपभोगमा प्रयोग भएता पनि उपभोगको आधारमा त्यसले कसरी प्रतिष्ठा कायम राख्न मद्दत गरिरहेको छ भनी स्पष्ट पारेको छ ।

नेपालको वर्तमान तथ्याङ्क २०७७/७८ लाई हेर्दा कुल ग्राहस्थ उत्पादनमा उपभोगको अंश ९३.४% रहेको देखिन्छ भने बचतको अंश ६.६% मात्र रहेको देखिन्छ । ( आ.व. २०७७/२०७८ )

यस अध्ययनमा उपभोग अन्तर्गत आधारभूत आवश्यकताको रुपमा लिइएको छाना, खाना र नाना लगायत अन्य सम्पूर्ण उपभोगमा भएको विप्रेषणको प्रयोगलाई केलाउँदै सो क्षेत्रमा प्रयोग गर्नुको उद्देश्य बारे अप्रत्यक्ष रुपमा जानकारी लिइएको थियो । जस अन्तर्गत आवश्यकता भन्दा बढी विलाशिता पूर्ण जीवनयापन गर्ने, समाजमा कथित उपल्लो वर्गमा रहने, समाजले हेर्ने नजरमा आफू अरुको तुलनामा माथि ठहरिने आदि बहानामा विप्रेषणको प्रयोग भएको कुरालाई स्पष्ट पारिएको छ । जति आय बढ्दै जान्छ, त्यति प्रतिष्ठा कायम राख्न उपभोगलाई पनि बढाउँदै लगेको पाइन्छ । शिक्षा, स्वास्थ, लत्ताकपडा, धार्मिक कार्य, सवारी साधन खरिद, गरगहना खरिद, अचल सम्पत्तिमा

लगानी आदि क्षेत्रहरुमा आवश्यकता भन्दा बढी विप्रेषणको प्रयोग गर्नुको प्रमुख उद्देश्य समाजमा आफ्नो प्रतिष्ठा कायम गर्नु नै रहेको यस अध्ययनले देखाएको छ ।

प्रतिस्पर्धात्मक सामाजिक सम्बन्ध कायम राख्न अरुको देखासेखी गर्ने प्रवृत्तिले विभिन्न अनउत्पादनमूलक क्षेत्रमा विप्रेषणको व्यापक प्रयोग भएको यस अध्ययनमा पाइन्छ । जस्तै : मध्यम वर्गीय परिवारमा आवश्यकताको लागि २/३ लाख सम्मको सवारी साधन भएमा हुने अवस्थामा समाजलाई देखाउन, इज्जत बढाउन कम्तीमा ५/६ लाख सम्मको साधन खरिद गर्ने, ८/१० हजारसम्मको मोबाइलले आवश्यकता पूरा हुने अवस्थामा १/२ लाख सम्मको आधुनिक प्रविधियुक्त मोबाइल खरिद गर्ने आदि कुराहरुले विप्रेषण आवश्यकता परिपुर्ति लगायत प्रतिष्ठा कायम राख्नमा पनि व्यापक प्रयोग भइरहेको देख्न सकिन्छ । गरगहनाको खरिद आवश्यकता भन्दा बढी इज्जत/प्रतिष्ठासँग जोडिएको अवस्थामा वैदेशिक रोजगारबाट आएको पैसा गरगहना खरिदको लागि प्रयोग गर्नुले पनि विप्रेषणको प्रयोग इज्जत वा प्रतिष्ठा कायम राख्न भइरहेको स्पष्ट देख्न सकिन्छ ।

यस अध्ययनको मुख्य उद्देश्य विप्रेषणले कसरी सामाजिक प्रतिष्ठा कायम राख्न मद्दत गरिरहेको छ भनी प्रष्ट पार्नु रहेको थियो । अध्ययनको क्रममा प्राप्त विभिन्न तथ्याङ्कहरुको विश्लेषणले उक्त उद्देश्यलाई पूर्णता दिएको देखिन्छ । उपभोगको आधारमा रहि विप्रेषणको प्रयोग गर्दै गर्दा विलाशितापूर्ण जीवनयापन गर्ने मनसाय र समाजमा इजज्त/प्रतिष्ठा कायम राख्ने विचारमा विप्रेषणको अत्याधिक प्रयोग हुनाले देशमा ३०% भन्दा बढी (Total GDP को) विप्रेषण भित्रिए पनि खासै उत्पादनमूलक क्षेत्रमा प्रयोग नभएको देख्न सकिन्छ । त्यसैले वर्तमान समयसम्म पनि विप्रेषण समाजमा इज्जत/प्रतिष्ठा जोगाउनमा नै प्रयोग भएको छ भनी यस अध्ययनबाट प्रष्ट पार्न सकिन्छ । अब इज्जत प्रतिष्ठा कायम राख्न विप्रेषणको प्रयोग गर्नु रहर हो या बाध्यता त्यसको अध्ययन गर्न आवश्यक देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची

मेचीनगर नगरपालीका । २०७० । *मेचीनगर नगरपालीका मासिक* । मेचीनगर नगरपालीका कार्यलय । ईटाभट्टा । झापा ।

केन्द्रिय तथ्याङ्क विभाग । २०६८ । राष्ट्रिय जनगणना । थापाथली । काठमाण्डौँ ।

नेपाल सरकार, अर्थ मन्त्रालय । २०७७/२०७८ । आर्थिक सर्वेक्षण । सिंहदरवार । काठमाण्डौं । मुद्रण विभाग ।

सिवाकोटी, चिन्तामणी । २०७६ । रेमीट्यान्सले नेपाली अर्थतन्त्रलाई फाईदा के वेफाईदा के ? । क्लीकमाण्डु । माघ २८ ।

पोखेल, सुदन कु । २०७७ । “नेपालको अर्थतन्त्रमा विप्रेषणको योगदान र यसको आप्रवाहमा कोभिड-१९ को प्रभाव”। २१ असार । प्रशासन । सिंहदरवार ।

Abdul, D.K. and Fredericks, D.L.(2015). "*The New Economics Of Labour Migration : Econometric Analysis of Remittances from Italy to Rural Bangladesh Based on Kinship Relation."* International Journal of Migration Research and Development,01-!7.

Adhikari, N. (2015). "*Linkage Between Labour Migration, remittance and Self Employed. International Journal of Entrepreneurship and Economic Issues"*,49-50. Retrieved 8 45,2020.

Bandita S.( 2012)."*Governing Labour Migration in Nepal"*. Kathmandu : Himal Books.

Devkota, J.(2016)."*Do Return Migrants use Remittances for Entrepreneurships in Nepal ?"*. Journal of Economics and Development Studies,99. Journal of Economics and Development Studies :https://doi.org/10.15640/jeds.v4n2a8.

Dhakal, N. H. and Maharjan. A.(2018)." *Approaches to the Productive Use of Remittance in Nepal. International Center for Integrate Mountain Development"*, Kathmandu, Nepal.

Haas, H.D.(2012)."*The Migration and Development Pendulum: A Critical View on Research and Policy"*. International Migration 50(3),8-25,Wiley Online Library.

Hanusch, M. and Vaaler,P. (2015).*"Remittances go Beyond Helping Families to Founding Small Businesses. Let's Talk Development"*. World bank.

https://glocalkhabar.com/news/national/nepal-received-8-1-billion-remittance-2016/amp/.

Lee, J. (2010). *The Great Migration. Whitefish, Montana : Kessinger Publishing, LLC.*

Murphy, C. B.( 2021*)." Remittance. Somer Anderson"*. Investopedia.com.

Pant, B. 2014. "*Social, Economic and Political Implication, migrant Remittances in South Asia"*. *M, Rahman*. T, Yong. A, Ulah. Palgrave Mcmillan, London.

Ratha, D.I, Ergys, K. A. and Seyed Y.R.( 2015)."*Can remittance help Promote Consumption Stability* ?."People Move, World Bank.

Taylor, J.E.(1999). "*International Migration"*. London : Oxford University.

Tuladhar, R.,Adhikari,N.,& Sapkota, C.2014. "*Effects of Migration and Remittance income in Nepal Agriculture Yield*." Mandaluyong City : Asia Development Bank.

Tumbe, C. 2011. "*Remittance in India. Facts and Issues*". PHD Thesis. Economics and Social Sciences Area. Indian Institute of management Bangalore. Bannerghatta Road, Bangalore

Wise,R.D.(2009)."*Understanding the relationship Between Migration and Development :Toward a New Theoretical Approach"*. Social Analysis 53 (3):85–105

www.DSB.com.Banking. Remittance.

Yang,S. (2008). "*The Positive and Negative Impact of Remittance and Household remittance"*. The Economic Journal, 591-635.

.

# विप्रेषणको प्रयोग र यसमा जोडिएको सामाजिक प्रतिष्ठा प्रश्नावली

- विप्रेषणको प्रयोगद्वारा कसरी प्रतिष्ठा कायम भईरहेको छ ?
- प्रतिष्ठा कायम गर्ने क्रममा दैनिक जीवनयापनमा कस्तो प्रभाव परिरहेको छ ?

उत्तरदाताको नाम :

उमेर :

वैवाहिक स्थिति :

शैक्षिक स्तर :

धर्म :

पेशा :

पारिवारिक विवरण :

| क.स | सदस्यको नाम | घरमूलीसँगको सम्बन्ध | लिङ्ग | शिक्षास्तर | उमेर(बर्ष) | पेशा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रश्नहरु :

१) वैदेशिक रोजगारका लागि कुन देश जानु भएको छ ?
२) उक्त देश नै चयन गर्नुको कारण के होला ?
३) वैदेशिक रोजगारबाट मासिक रुपमा लगभग कति रकम प्राप्त गर्नुहुन्छ ?
अ) ३०००० भन्दा कम आ) ३१००० देखि ४००००
इ) ४१००० देखि ५०००० ई) ५१००० भन्दा माथि

४) वैदेशिक रोजगारबाट प्राप्त आय कुन-कुन क्षेत्रमा खर्च गर्नुहुन्छ ?
अ) अचल सम्पत्तिमा लगानी आ) व्यापार इ) उपभोग ई) अन्य
५) खाद्यान्न, आवास, लत्ताकपडा, स्वास्थ्य, शिक्षा अर्न्तगत लगभग मासिक खर्च कति हुन्छ ?

| क्षेत्र | मासिक खर्च |
|---|---|
| खाद्यान्न | |
| आवास | |
| लत्ताकपडा | |
| स्वास्थ्य | |
| शिक्षा | |
| अन्य | |

**खाद्यान्नको क्षेत्र :**

६) वाहिर ( होटेल, रेष्टुरेन्ट ) तिर खाना खान जाने गर्नु भएको छ ?

अ) छ आ) छैन

७) छ, भने कत्तिको जानुहुन्छ ?

अ) सधैंजसो आ) प्राय इ) विरलै

८) जाँदा कस्तो ठाउँमा जानुहुन्छ ?

अ) सामान्य होटेल आ) रेष्टुरेँट ई) तारे होटेल

९) खाद्यान्न उत्पादन गर्नु हुन्छ कि कीनेर खाने गर्नु भएको छ ?

९) आफ्नो जमिन छ कि छैन ?

क) छ ख) छैन

१०) छ भने के कति छ ?

११) वैदेशिक रोजगारमा लाग्नुपूर्व कति थियो ? हाल केहि थपघट भयो कि छैन ?

१२) यदि आफ्नो जमिन छैन भने, कृषि क्षेत्रको उत्पादन कसरी गर्नुहुन्छ ?

**आवासको क्षेत्र :**

१३) यो घरमा वस्नु भएको कति भयो ?

१४) वैदेशिक रोजगारमा लाग्नु पूर्व र अहिले विप्रेषण भित्रन थाले पछि घरको भौतिक संरचनामा केहि परिवर्तन गर्नु भयो कि छैन ?

१५) परिवर्तन गर्नू भएको हो भने, के-के परिवर्तन गर्नु भयो र त्यसको कारण के होला ?

**स्वास्थ क्षेत्र :**

१६) घर परिवारमा स्वास्थ समस्या आई परेका छन् ?

अ) छ आ) छैन

१७) छन् भने के कस्ता समस्या आईपरेका छन् ?

१८) स्वास्थ्य समस्या पर्दा कुन अस्पतालको जाने गर्नु भएको छ ?

१९) उपचारको लागि कस्तो अस्पताल प्रयोग गर्न रुचाउनु हुन्छ ?

क) अत्याधिक भौतिक सुविधा भएको ख) सामान्य भौतिक सुविधा भएको

**लत्ताकपडाको क्षेत्र :**

२०) तपाई र तपाईंको परिवारले बढि मात्रामा कस्ता पहिरन प्रयोग गर्नुहुन्छ ?

- सामान्य तरिकाले घरमा बस्दा
- बाहिर वा आफन्तकोमा जाँदा
- विवाह वा अन्य सामुहिक भेलामा
- चाडपर्वमा

**शिक्षाको क्षेत्र :**

२१) विद्यालय जाने बच्चाहरु सरकारी वा नीजी ( बोर्डिङ्ग ) कस्तो विद्यालय जान्छन् ?

अ) सरकारी ( स्कुल/कलेज ) आ) नीजी ( बोर्डिङ्ग स्कुल/कलेज )

२२) त्यहाँ पढाउनुको कारण के होला ?

**अन्य क्षेत्र :**

२३) आफ्नै सवारी साधन छ की, सार्वजनिक सवारी साधनको प्रयोग गर्नु हुन्छ ?

अ) नीजी आ) सार्वजनिक

२४) नीजी भए कुन प्रकृतिको साधन छ ? सार्वजनिक भए प्रायजस्तो कुन साधनको प्रयोग गर्नु हुन्छ ?

२५) घरमा इलेक्ट्रोनिक सामानहरु जस्तै : टि.भी, मोबाईल, ल्यापटप, ट्याब, फ्रीज, ए.सी. के के सामानहरु प्रयोग गर्ने गर्नुभएको छ ?

२६) ती सामानहरु कुन कम्पनी वा लगभग कति मूल्य पर्ने खालका छन् ?

२७) आधुनीक समाजमा सुन,चाँदि गर गहना प्रतिको बढ्दो रुचीलाई तपाई कसरी लिनु हुन्छ ?

२८) त्यस्ता वस्तुहरु खरिद गर्ने गर्नुभएको छ वा छैन ?

अ) छ आ) छैन

२९) छ भने खरिद गर्नुको उद्धेश्य के हो ? नि ?

३०) बाहिर जादाँ त्यस्ता गर गहनाहरु प्रयोग गर्न कत्तिको रुचाउनु हुन्छ ?

अ) रुचाउँछु आ) रुचाउँदिन

३१) प्रयोग गर्नू वा नगर्नुको कारण के होला ?

३२) धार्मीक कार्य जस्तै : विवाह, वर्तवन्ध पूजा आदि गर्ने गर्नुभएको छ ?

अ) छ आ) छैन

३३) गर्दा कसरी गर्नहुन्छ ?वा कति सम्म खर्च गरेर गर्नुहुन्छ ? के के मा बढि मात्रामा खर्च गर्नु हुन्छ ?

३४) तपाईं/ तपाईंको परिवार घुमफीर गर्न कत्तिको मन पराउनु हुन्छ ?

अ) मन पराउँछौ आ) कसैलाई मन पर्छ कसैलाई पर्दैन इ) मन पराउँदैनौ

३५) मन पराउनेहरु घुम्न कत्तिको जानुहुन्छ ?

अ) सधैंजसो आ) कहिलेकाहिँ इ) विरलै मात्रामा

३६) घुमफीरका लागि कस्ता ठाउँहरु छान्नुहुन्छ ?

३७) घुमफीर गर्दा प्रयोग गरिने साधन, होटेल वा रेष्टुरेँन्ट, लगाउने कपडाहरु आदि बारे केहि बताइदिनुहोस् न ।

३८) समग्रमा यस्ता अन्य क्षेत्रहरु जस्तै : घुमफिर, खरिद गर्ने वा प्रयोग गर्ने सवारी साधन, धर्मकर्म, गर-गहना खरिद र त्यसको प्रयोग आदि इत्यादि कुराहरुको प्रयोग गर्दा अन्य व्यक्तिहरु वा छरछिमेकी आफन्तजनहरुबाट कस्तो कस्तो प्रतिक्रिया पाउनु भएको छ ?

३९) ती अन्यले दिएको प्रतिक्रियाहरुलाई तपाईंले कस्तो रुपमा लिनु हुन्छ ?

**धन्यवाद !**